नेपालको संविधान धारा २९४ बमोजिम सम्माननीय
राष्ट्रपतिसमक्ष प्रस्तुत गरिएको मुस्लिम आयोगको

# प्रथम वार्षिक प्रतिवेदन

(२०७५ श्रावण-२०७६ आषाढ)


## मुस्लिम आयोग

जावलाखेल, ललितपुर

www.muslimcommission.gov.np

नेपालको संविधानको धारा २९४ बमोजिम
सम्माननीय राष्ट्रपति समक्ष प्रस्तुत गरिएको
मुस्लिम आयोगको

# प्रथम वार्षिक प्रतिवेदन

(२०७५श्रावण-२०७६ आषाढ)

## मुस्लिम आयोग

जावलाखेल, ललितपुर

२०७६ कात्तिक

# मुस्लिम आयोगको
## वार्षिक प्रतिवेदन
## आर्थिक वर्ष २०७५/०७६

| | |
|---|---|
| प्रकाशन संख्या | : १००० (एक हजार) प्रति |
| प्रकाशन मिति | : २०७६ कात्तिक |
| प्रकाशक | : मुस्लिम आयोग, जावलाखेल ललितपुर, नेपाल |
| फोन नं. | : ०१-५५४२६५१ |
| फ्याक्स नं. | : ०१-५०००५५ |
| टोल फ्रि नम्बर | : १६६००११०१२२२ |
| वेबसाइट | : www.muslimcommission.gov.np |
| इमेल | : muslimcomission.nepal@gmail.com |

# मुस्लिम आयोग
## जावलाखेल, ललितपुर

प.स. ०७६/७७
च.नं.

मिति : २०७६/०७/१९

विषयः आयोगको पहिलो वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको ।

सम्माननीय राष्ट्रपतिज्यू
राष्ट्रपतिको कार्यालय
शितल निवास काठमाडौं ।

नेपालको संविधानको भाग ३२ धारा २९४ बमोजिम मुस्लिम आयोगले आर्थिक वर्ष २०७५/०७६ मा सम्पादन गरेका काम-कारवाहीहरूको वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको छ ।

भवदीय

**(समिम मियाँ अन्सारी)**
अध्यक्ष

**(शम्भु बहादुर खड्का)**
सचिव

# मुस्लिम आयोगका पदाधिकारीहरू



**समीम मियाँ अन्सारी**
अध्यक्ष



**शम्भू बहादुर खड्का**
सचिव

# मन्तव्य



मुस्लिम समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तिकरणका लागि नेपालको संविधान २०७२ को भाग २७ को धारा २६४ मा संवैधानिक आयोगको रुपमा मुस्लिम आयोगको व्यवस्था भएको र मुस्लिम आयोग ऐन, २०७४ अनुसार मुस्लिम आयोग गठन भएकोमा सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०७५/१२/०७ मा यस आयोगको अध्यक्ष पदमा नियुक्ति भई कार्य सम्पादन गर्दै आएको छु। यस आयोगको महत्वपूर्ण अध्यक्ष पदमा मलाई विश्वास गरी महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्न अवसर प्रदान गर्न सहयोग गर्नु हुने नेपाल सरकार, संवैधानिक आयोग, संसदीय सुनुवाई समिति, सम्माननीय राष्ट्रपतिज्यू तथा सम्माननीय प्रधानन्यायधिशज्यू प्रति आभार प्रकट गर्दछु। राज्यले परिकल्पना गरेको 'समृद्ध नेपाल : सुखी नेपाली' तथा दिगो विकासको लक्ष्य प्राप्ती गर्न मुस्लिम समुदायको आर्थिक, सामाजिक, शैक्षिक, साँस्कृतिक तथा गुणस्तरीय मानव विकासवाट मात्र सम्भव भएकोले यस आयोगले तीन तहका सरकार तथा अन्य संवैधानिक आयोग, मुस्लिम समुदायका विद्वतवर्गहरू र संचारकर्मी एवम् नागरिक समाजसँग समन्वय तथा सहकार्य गर्न नेतृत्वदायी भूमिका खेल्ने विश्वास दिलाउन चाहन्छु।

मुस्लिम समुदायको हक, हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तीकरणका लागि यस आर्थिक वर्षमा अन्तरक्रिया कार्यक्रम लगायत विविध कार्यक्रमहरू सञ्चालन भएको थियो। सो कार्यक्रमहरूमा मुस्लिम समुदायका विज्ञ एवम् विद्वत्‌वर्गहरूबाट विभिन्न प्रकारका राय, सल्लाह, सुझावहरू प्राप्त भएको र सो सुझावहरूलाई समेत यस प्रतिवेदनमा समावेश गरिएको छ।

आयोगले आ.व. २०७५/०७६ मा सम्पादन गरेका मुख्य मुख्य कार्यहरूलाई समेटी प्रथम बार्षिक प्रतिवेदन प्रकाशन गर्ने काम भएको छ। आयोगको कार्य सम्पादनमा प्रत्यक्ष वा परोक्षरुपमा सहयोग पुऱ्याउनु हुने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु। साथै यस प्रथम वार्षिक प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न आयोगका सचिवलगायत सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु र आगामी दिनमा पनि आयोगले संचालन गर्ने विविध कार्यक्रमहरूमा सबैको अमूल्य सुझाव र सहयोग पाईरहने विश्वास लिएको छु। धन्यवाद।

अध्यक्ष
**समिम मियाँ अन्सारी**
**मुस्लिम आयोग**
२०७६ कात्तिक

# कार्यकारी सारांश

मुस्लिम समुदायको हक, हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तिकरणका लागि नेपालको संविधान २०७२ को भाग २७ को धारा २६४ मा सवैधानिक आयोगको रुपमा मुस्लिम आयोगको व्यवस्था भएको र मुस्लिम आयोग ऐन, २०७४ अनुसार मुस्लिम आयोग गठन भई सञ्चालनमा रहेको छ। संवैधानिक व्यवस्था बमोजिम मुस्लिम आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने, राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने र आयोगका अध्यक्ष तथा सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुने व्यवस्था रहेको छ। हाल अध्यक्षको मात्र नियुक्ति भै ४ जना सदस्यको पद रिक्त छ।

यस आयोगको मुख्य कार्यहरू मुस्लिम समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तिकरणका लागि नेपाल सरकारलाई नीतिगत, कानूनी तथा संस्थागत सुझाव दिने, आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने, मुस्लिम समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी संकलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायलाई सिफारिस गर्ने, मुस्लिम समुदायको भाषा, लिपी, संस्कृति, इतिहास, परम्परा, साहित्यको संरक्षण र विकास लगायत संङ्ग्रहालय स्थापना तथा उद्गमस्थलको खोज अनुसन्धान गरी पुरातात्विक र ऐतिहासिक संरचना, वस्तु र स्थलहरूको संरक्षण र सम्बर्द्धनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने र मुस्लिम समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तिकरणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्नु रहेको छ।

राष्ट्रिय जनगणना अनुसार नेपालमा मुस्लिमको जनसंख्या करिब ४.४ प्रतिशत रहेको पाइन्छ। मुस्लिम समुदाय नेपालको सन्दर्भमा मानव विकास सूचकाङ्कको दृष्टिकोणले सबैभन्दा दयनीय अवस्थामा रहेको छ। मुस्लिम समुदायको शैक्षिक, आर्थिक र सामाजिक क्षेत्रको उत्थान र विकासका लागि विशेष अधिकारको व्यवस्था संविधानमा नभएको, राजनैतिक सहभागितामा असमानता, राज्यका सम्पूर्ण निकायमा समानुपातिक प्रतिनिधित्व नभएको जस्ता नीतिगत समस्या रहेका छन्। त्यस्तै मुस्लिम समुदाय भित्रको परम्परागत शैक्षिक ब्यवस्थाको रुपमा रहेको मदरसा शिक्षाको गुणस्तर र भौतिक पूर्वाधारको अवस्था ज्यादै दयनिय अवस्थामा रहेको, मुस्लिम समुदायलाई आरक्षणको व्यवस्था नभएको, राज्यको स्रोत, साधन, अवसर र लाभमा मुस्लिम समुदायको न्यायोचित पहुँच हुन नसक्नु, धार्मिक विदाहरू कटौति हुनु, साँस्कृतिक तथा धार्मिक धरोहरहरूको संरक्षण तथा सम्बर्द्धन नहुनु लगायत शिक्षा एवम् कानूनी चेतनाको अभावले समुदाय भित्र अनावश्यक सम्बन्ध विच्छेद,

बालविवाह, बहुविवाह र दाइजो प्रथा तथा लैङ्गिक हिंसा जस्ता सामाजिक समस्याहरू अझ यथावत रहेको अवस्था छ ।

मुस्लिम समुदाय तथा व्यक्तिहरूको उत्थान एवम् विकासका लागि सीप विकास तालिम, छात्र कर्जा र रोजगारमूलक लक्षित कार्यक्रम, शिक्षा तथा सार्वजनिक क्षेत्रको रोजगारीमा आर मातृभाषाको संरक्षण र सम्बर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन गर्नु अत्यावश्यक रहेको छ । त धार्मिक र जनसांख्यिक हिसाबले अल्पसंख्यक रहेको मुस्लिमको लागि आरक्षणको कोटा निध हुन पर्ने, मदरसा शिक्षालाई राष्ट्रिय मापदण्ड अनुसार र औपचारिक शिक्षाको समकक्षता र पद्ध ल्याउन ठोस कार्यक्रमहरूको आवश्यकता र मुस्लिम समुदायका धार्मिक तथा सांस्कृतिक म राख्ने मस्जिद, मदरसा, इदगाह, मजार, कर्वला, कब्रिस्थानहरूको अभिलेख, जग्गाको भोगाधिक स्वामित्व स्थापित गर्नु अत्यावश्यक रहेको छ ।

आगामी दिनमा मुस्लिम आयोगले समुदायको हक, हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तिकरण लागि नेतृत्वदायि भूमिका खेल्ने, समुदायको उत्थान र विकासको लागि समयानुसार निर्देशिका कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याउने, मुलुकमा उपलब्ध स्रोत साधनहरूमा मुस्लिम समुदा समानुपातिक पहुँच बढाउने, राज्यका तीनै तहमा हुने निर्णय प्रक्रिया तथा यसका प्रशासनिक संरचन मुस्लिमको प्रतिनिधित्व वढाउन आरक्षणको व्यवस्था गर्ने, मुस्लिम समुदायको क्षमता विकास ल सीप विकास एवम् जनचेतनामूलक सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने र मुलुकमा उपलब्ध रोज अवसर उपयोग गर्न सक्ने सक्षम जनशक्तिको विकास गर्ने जस्ता कार्यहरूमा जोड दिनु पर्ने हु यस आ.व.२०७५/०७६ मा आयोगको लागि छोटो समय र सीमित श्रोत साधनलाई अधिक उपयोग गरी विविध कार्यक्रम सञ्चालन गर्न सफल भएको र आगामी आ.व. मा नेपाल सरक प्रर्याप्त श्रोत साधन उपलब्ध गराएमा यस आयोगले तीव्र गतिमा आफूलाई तोकिएको जिम्मे निर्वाह गर्न पछि पर्ने छैन् ।

अतः आयोगले मुस्लिम समुदायको सामाजिक, आर्थिक एवम् सास्कृतिक विकास र उत्थानका ल रणनैतिक कार्ययोजना बनाई प्रभावकारी कार्यक्रम कार्यान्वयन क्रमिक रुपमा गर्नेछ । जसले मुसि समुदायको हक, हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तिकरण गरी समुदाय भित्र लैङ्गिक समा कायम राखी समुदाय भित्र गरिवी न्यूनिकरण गर्ने र सुखी, र गुणस्तरीय जीवन भएका मुसि जनताको विकासमा सहयोग पुग्ने छ ।

# विषय सूची


मन्तव्य

कार्यकारी सारांश

**परिच्छेद- १** १

परिचय

१.१ आयोगको पृष्ठभूमि

१.२ सोच

१.३ उद्देश्य

१.४ आयोगको काम, कर्तव्य र अधिकार

**परिच्छेद- २** ४

आयोगको प्रशासनिक एवं संगठनात्मक ढाँचा

२.१ प्रशासन र संगठन सम्बन्धी पृष्ठभूमि

२.२ आयोगको संगठनात्मक ढाँचा

२.३ विद्यमान दरबन्दीको विवरण

**परिच्छेद- ३** ७

आ.व. २०७५/०७६ मा स्वीकृत कार्यक्रम र प्रगति विवरणहरू

३.१ आयोगका स्वीकृत कार्यक्रमहरू

३.२ आयोगबाट स्वीकृत कार्यक्रमहरूको प्रगति विवरण

३.३ कार्यक्रमको वित्तीय एवं भौतिक प्रगतिहरू

३.४ आयोगको कुल बजेट र खर्च

३.५ आयोगबाट भइरहेका अन्य गतिविधिहरूको प्रगति

**परिच्छेद- ४** १६

विविध

४.१ आयोगको बैठकका निर्णयहरू

४.२ अध्यक्षज्यूको भ्रमण तथा उपलब्धिहरू

४.३ प्रेस विज्ञप्ति र शुभकामना मन्तव्यहरू

**परिच्छेद- ५** २८

समस्या, सुझाव र भावी कार्यदिशा

५.१ समस्या
५.२ समस्या समाधानका सुझावहरू
५.३ भावी कार्यदिशा
५.४ निष्कर्ष

अनुसूचीहरू ३५
१. मुस्लिम आयोगको आचारसंहिता, २०७६
२. मध्यकालीन खर्च संरचना (आर्थिक वर्ष २०७६/७७ (२०७८/७९)
३. अन्तरक्रिया कार्यक्रमको प्रतिवेदन
४. आयोगबाट प्रकाशित शुभकामना र प्रेस विज्ञप्तीहरू
५. आयोगमा कार्यरत कर्मचारीहरूको नाम, पद र शाखा
६. कार्यक्रमका तस्बिरहरू

## परिच्छेद-१

# परिचय

### १.१ आयोगको पृष्ठभूमिः

नेपालमा सदियौंदेखि मुस्लिम समुदायको बसोबास रहँदै आएको पाइन्छ । २०६८ को जनगणना अनुसार नेपालमा करिव ४.४ प्रतिशत मुस्लिमहरु बसोबास गरेको पाइन्छ । मुस्लिम समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र सम्वर्द्धन तथा सशक्तिकरणका लागि नेपालको संविधानको भाग २७ को धारा २६४ मा सवैधानिक आयोगको रुपमा मुस्लिम आयोगको व्यवस्था भएको र मुस्लिम आयोग ऐन, २०७४ अनुसार मुस्लिम आयोग गठन भएकोमा सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०७५।१२।०७ मा यस आयोगको अध्यक्ष पदमा श्री समीम मियाँ अन्सारीलाई नियुक्ति गर्नु भए मुताविक उक्त दिन नै सम्माननीय प्रधानन्यायाधीशज्यूबाट पद तथा गोपनियताको सपथ लिई पदबहाली भएको छ भने बाँकी सदस्यहरुको पद हाल सम्म रिक्त रहेको छ ।

यस आयोगको मुख्य कार्य मुस्लिम समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा सशक्तिकरणका लागि नेपाल सरकारलाई नीतिगत, कानूनी तथा संस्थागत सुझाव दिने, आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने, मुस्लिम समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तिकरणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्नु रहेको छ ।

नेपालको सन्दर्भमा मुस्लिम समुदाय मानव विकास सूचकाङ्कको दृष्टिकोणले सवभन्दा दयनीय अवस्थामा रहेको छ । यस समुदाय तथा व्यक्तिहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उत्थान एवम् विकासका लागि सीप विकास तालिम, छात्रवृत्ति, कर्जा र रोजगारमूलक लक्षित कार्यक्रम, शिक्षा स्वास्थ्य तथा सार्वजनिक क्षेत्रको रोजगारीमा पहुँच, मातृभाषाको संरक्षण र संवर्द्धन तथा परम्परा रुढीवादी तथा धार्मिक अन्धविश्वास र लैंङ्गिक विभेदको अन्त्य सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु अत्यावश्यक रहेको छ । यसको फलस्वरुप आयोगले मुस्लिम समुदायको सामाजिक, आर्थिक, शैक्षिक एवम् सास्कृतिक विकासका लागि रणनैतिक कार्ययोजना बनाई प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

यस आयोगबाट आ. व. २०७५।०७६ मा गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन नेपालको संविधानको भाग ३२ को धारा २९४ तथा मुस्लिम आयोग ऐन २०७४ को दफा २२ बमोजिम सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गर्नु पर्ने व्यवस्था अनुसार बार्षिक प्रतिवेदन तयार गरिएको छ ।

परिच्छेद - २

# आयोगको प्रशासनिक एवं सगंठनात्मक ढाँचा

## २.१ प्रशासन र संगठन सम्बन्धी पृष्ठभूमि

मुस्लिम समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र सम्वर्द्धन तथा सशक्तिकरणका लागि नेपालको संविधानको भाग २७ को धारा २६४ मा सवैधानिक आयोगको रुपमा मुस्लिम आयोगको व्यवस्था भएको र मुस्लिम आयोग ऐन, २०७४ अनुसार मुस्लिम आयोग गठन भई संचालनमा रहेको छ। संविधानमा व्यवस्था भए बमोजिम मुस्लिम आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने, राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने र आयोगका अध्यक्ष तथा सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुने व्यवस्था रहेको छ।

नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७५/०३/०८ को निर्णायानुसार मुस्लिम आयोगको पुनर्संरचना पश्चात संगठन संरचना र दरवन्दी तेरिज स्विकृत भएको छ। सो अनुसार मुस्लिम आयोगमा १ जना सचिव (रा प विशिष्ट श्रेणी) रहने गरी शाखा र कार्यहरुका आधारमा एकिकृत र खण्डित गरिएको छ। जसमा प्रशासन तथा योजना र अधिकार प्रवर्द्धन तथा सशक्तिकरण गरी दुई शाखा रहने गरी स्वीकृत संगठन संरचना र सो मातहतमा कर्मचारी व्यवस्थापन गरिएको छ। मिति २०७५।११।१९ को संशोधनले विशिष्ट श्रेणीको सचिव पद संशोधन गरी रा.प. प्रथम श्रेणीको सचिव पद कायम गरिएको र सो अनुसार हालको स्थायी स्वीकृत दरबन्दी संख्या ३० रहेको तथा अन्य व्यवस्था यथावत कायम रहेको छ।

## २.२ आयोगको संगठनात्मक ढाँचा

नेपालको संविधान२०७२ को भाग २७ को धारा २६४ र मुस्लिम आयोग ऐन, २०७४ अनुसार सवैधानिक आयोगको रुपमा मुस्लिम आयोगको गठन भएको र आयोगको संचालनको लागि स्थायी स्वीकृत दरबन्दी भएको संगठन संरचना नेपाल सरकारबाट स्वीकृती भई कार्यान्वयनमा आएको छ ।जसको विस्तृत विवरण तल उल्लेख गरिएको छ ।

**मुस्लिम आयोगको संगठनात्मक ढाँचा**




करार प्रयोजनका लागि

ह.स.चा. र का.स. को नयाँ स्थायी पदपूर्ति गरिने छैन ।

**कुल दरबन्दी संख्या ३०**

## २.३ विद्यमान दरवन्दीको विवरण

आयोगको स्वीकृत स्थायी दरबन्दी संख्या कुल ३० रहेको छ । जसमा हाल अधिकृत स्तरको पद रिक्त नरहेको र सहायक स्तरका केही पद अझ पनि पदपूर्ति हुन बाँकि रहेका छन् । आयोगको विद्यमान स्थायी दरबन्दीको विस्तृत विवरण तल रहेको छ ।

**आयोगको स्वीकृत स्थायी दरबन्दी**

| सिंनं. | पद | श्रेणी/तह | सेवा | समूह/उपसमूह | मौजुदा दरबन्दी | पदपुर्ति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प. प्रथम | प्रशासन | सामान्य प्रशासन | १ | १ | |
| २ | उपसचिव | रा.प. द्धितिय | प्रशासन | सामान्य प्रशासन | २ | २ | |
| ३ | शाखा अधिकृत | रा.प. तृतिय | प्रशासन | सामान्य प्रशासन | २ | २ | |
| ४ | नायब सुब्बा | रा.प. अन प्रथम | प्रशासन | सामान्य प्रशासन | ८ | २ | |
| ५ | लेखापाल | रा.प. अन प्रथम | प्रशासन | लेखा | १ | १ | |
| ६ | हलुका सवारी चालक | श्रेणी विहीन | | | ८ | ३ | करार |
| ७ | का/.स.माली /स्वीपर/गार्ड | श्रेणी विहिन | | | ८ | ७ | करार |
| | जम्मा | | | | ३० | | |

परिच्छेद - ३

# आ.ब. २०७५/०७६ मा स्वीकृत कार्यक्रम र प्रगति विवरणहरु

यस आयोगका अध्यक्षको नियुक्त हुनु पुर्व प्रशासनिक कर्मचारीहरु मात्र रहेकोले प्रशासनिक काम कारवाही बाहेक अन्य कार्यक्रम संचालन नभएको र मुस्लिम आयोग ऐन २०७४ को दफा ७(द) ले कार्यक्रम आयोगले मात्र स्विकृत गर्ने कानूनी व्यवस्था भए बमोजिम अध्यक्षको पद बहाली पश्चात मात्र विभिन्न कार्यक्रम संचालन भएका छन्।

## ३.१ आयोगका स्वीकृत कार्यक्रमहरु

यस आयोगबाट मुस्लिम समुदायको हक, हितको संरक्षण र सम्वर्द्धन तथा सशक्तीकरणका एवमं उक्त समुदायको उत्थान र विकासगर्न सिमित स्रोत र साधनको परिधिभित्र रहीआयोगको विभिन्न बैठकबाट स्वीकृत भएका कार्यक्रमहरु देहाय बमोजिम रहेका छन्।

**आयोगलेस्वीकृत गरेका अन्तरक्रिया कार्यक्रमहरु (२०७५।१२।२६ बैठक)**

| मिति | स्थान | कैफियत |
|---|---|---|
| २०७६/०१/९ गते सोमबार | प्रदेश नं. १ को इटहरीमा | प्रदेश स्तरीय |
| २०७६/०१/१० गते मङ्गलबार | प्रदेश नं. २ को जनकपुरमा | प्रदेश स्तरीय |
| २०७६/०१/१२ गते बिहीबार | प्रदेश नं. ३ को चितवनमा | प्रदेश स्तरीय |
| २०७६/०१/१४ गते शनिबार | प्रदेश नं. ४ को पोखरामा | प्रदेश स्तरीय |
| २०७६/०१/१९ गते बिहीबार | प्रदेश नं. ६ को नेपालगञ्जमा | प्रदेश स्तरीय |
| २०७६/०१/२१ गते शनिबार | काठमाण्डौमा | संघ स्तरीय |

## आयोगका स्वीकृत कार्यक्रमहरु (२०७६।०२।०५ बैठक)

| क्र०सं० | कार्यक्रमको नाम | कार्यक्रम गर्ने समयावधि | कार्यक्रम गर्ने स्थान | बजेट | कार्यक्रम गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अन्तरक्रिया कार्यक्रम | एक दिवसिय | नेपालगञ्ज | ५,००,००० | मुस्लिम आयोग | २०७६।०२।२९ गते |
| २ | इफ्तार कार्यक्रम | एक दिवसिय | काठमाण्डौं | ५,५०,००० | मुस्लिम आयोग | २०७६।२।११गते |
| ३ | लैगिङ्ग हिंसा सम्बन्धी जनचेतामूलक कार्यक्रम | एक दिवसिय | मोरङ्ग, बारा, सुनसरी, रौतहट, पर्सा, सर्लाही, सिराहा, सप्तरी, महोत्तरी र,धनुषा। | १५,००,०००(प्रति कार्यक्रम १,५०,००० दरले) | मुस्लिम आयोग | • देवानी संहिता र फौजदारी कार्यविधिसंहिताको बारेमा जानकारी गराउने<br>• कानुनी व्यवसायी वा वकिल प्रशिक्षक रहने |
| ४ | लोक सेवा तयारी कक्षा | ३० दिन | काठमाण्डौं | १०,००,००० | | • ना सु र अधिकृत तह प्रथम पेपर |
| ५ | शैक्षिक सामाग्री वितरण कार्यक्रम | | मोरङ, बारा, सुनसरी, रौतहट, पर्सा, सर्लाही, सिराहा, सप्तरी, महोत्तरी,धनुषा, रुपन्देही, कपिलबस्तु, गोरखा, बाँके र बर्दिया। | १४,००,००० | मुस्लिम आयोग | • स्कुल ब्याग, कपि र स्टुमेन्ट बक्स।<br>• २००० ब्याग, ४००० कपि र २००० स्टुमेन्ट बक्स। |
| ६ | डकुमेन्टरी तयार कार्यक्रम | ३० दिन | काठमाण्डौं | ५,००,००० | डकुमेन्ट्री वा मिडिया सम्बन्धी | मुस्लिम समुदाय सँग सम्बन्धित आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक एवं शैक्षिक विषयलाई समेटेर डकुमेन्ट्री तयार गर्ने |
| कुल बजेट | | | | ५४,५०,००० | | |

## ३.२ आयोगबाट स्वीकृत कार्यक्रमहरुको प्रगति विवरण

आयोगका विभिन्न बैठकबाट स्वीकृत भई कार्यान्वयनमा आएका कार्यक्रमहरुको कार्य प्रगतिहरु देहाय बमोजिम रहेका छन् ।कार्यक्रमको विस्तृत प्रगति विवरण अनूसुचि ३ रहेको छ ।

**आ.ब. २०७५।७६ को स्वीकृत कार्यक्रमको प्रगति विवरण**

| क्र.सं. | सम्पादन भएका मुख्य कार्यहरु | उपलब्धी |
|---|---|---|
| १. | मुस्लिम समुदायको हक हितको संरक्षण संम्बर्द्धन र सशक्तीकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम ।<br>अन्तरक्रिया कार्यक्रम ५ वटा सम्पन्न भएको -:<br>• प्रदेश नं० १ को इटहरी,<br>• प्रदेश नं० २ को जनकपुर ,<br>• प्रदेश नं० ५ को नेपालगञ्ज र<br>• प्रदेश नं. ३ को ललितपुर<br>• संघस्तर काठमाण्डौं, | • संवैधानिक आयोगको रुपमा स्थापित मुस्लिम आयोगको काम कर्तव्य र अधिकारको विषयमा मुस्लिम समुदायलाई जानकारी गराईएको।<br>• मुस्लिमसमुदायकोहकहितकोसंरक्षण, सम्बर्द्धनतथासशक्तीकरणका विषयमा लक्षित समुदायवाट सुझाव संकलन गरिएको ।<br>• मुस्लिम समुदायको आर्थिक, सामाजिक र भौतिक अवस्थाको बारेमा मुस्लिम समुदाय एवम् विज्ञबाट राय सुझाव प्राप्त भएको ।<br>• शिक्षाको गुणस्तरीयता तथा शैक्षिक मान्यता विषयमा जानाकारी प्राप्त भएको ।<br>• आयोगलाई आगामी दिनमा नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुगेको ।<br>• मुस्लिम समुदाय भित्र आर्थिक वा सामाजिक रुपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकालाई सिफारिस गर्न सहयोग पुगेको ।<br>• आयोगलाईआगामी कार्ययोजनाको रणनीति तर्जुमा गर्न एवम्भावि कार्यदिशा तयार गर्न सहयोग पुगेको। |
| २. | रमजान पर्वको शुभकामना आदान प्रदान(इफ्तार)कार्यक्रम | • इस्लाम धर्मावलम्वी मुसलमानहरुको पवित्र महिना रमजान पर्वको अवसरमा शुभकामना आदान प्रदान भएको ।<br>• सम्माननीय सभामुख, माननीय उपप्रधानमन्त्री एवम् मन्त्रीज्यूहरु, सवैधानिक अगका प्रमुखज्यूहरु, मुस्लिम समुदायका सांसदज्यूहरु, आवसिय विदेशी राजदुत, श्रीमान सचिवज्यूहरु, सरकारी एवम् सार्वजनिक निकायका प्रमुखज्यूहरु, राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधहरु, मुस्लिम समुदायका संघ संस्थाका प्रमुख एवम् प्रतिनिधिज्यूहरु र मुस्लिम समुदायका विज्ञ तथा अन्य लब्ध प्रतिष्ठित व्यक्तिहरु बीच एक आपसमा सुमधुर सम्वन्ध कायम भै समन्वय तथा सहकार्यमा वृद्धि ल्याएको । |

| | | |
|---|---|---|
| | | • धार्मिक सहिशुणता कायम गर्न सहयोग पुगेको। <br> • कुटनैतिक सम्वन्ध कायम राख्न सहयोग पुगेको। |
| ३. | सम्माननीय प्रधानमन्त्रीज्यूबाट रमजान पर्वको शुभकामना र रात्रीभोजको आयोजना | • मुस्लिम समुदायको महत्वपुर्ण धार्मिक पर्वलाई महत्व दिई धार्मिक सहिष्णुता कायम राख्न तथा यसबाट समस्त धार्मिक सम्प्रदायमा सहकार्य र समन्वय कायम गरी अभिप्रेरित गर्न नेपालको ईतिहासमा पहिलो पटक सम्माननीय प्रधानमन्त्रीज्यूबाटसम्मानीय सभामुख, माननीय उप-प्रधानमन्त्रीज्यू,माननीय मन्त्रीज्यूहरु, पूर्व प्रधानमनत्रीज्यूहरु, संसदीय समितिका माननीय सभापतीज्यूहरु, संवैधानिक निकायका पदाधिकारीहरु, सांसदहरु, विभिन्नराजनीतिक दलका प्रतिनिधिहरु, कुटनैतीक नियोगकका प्रमुखहरु, उच्च तहका कर्मचारी तथा समस्त मुस्लिम समुदायका उच्च व्यक्तित्वहरुलाई आमन्त्रण गरी प्रधानमनत्री निवास बालुवाटारमा मिति २०७६/०३/०७ गते रात्रीभोजको आयोजना गर्नु भई शुभकामना आदानप्रदान गर्नु भएको। |
| ४. | लोक सेवा तयारी कक्षा | • मुस्लिम समुदाय भित्रका शैक्षिक योग्यता पुगेका व्यक्तिहरुलाई नि:शुल्क लोक सेवा आयोगको तयारी कक्षा एक महिना सम्म संचालन भएको। <br> • उत्त कक्षामा शाखा अधिकृत 47 जना र ना सु ५5 जना सहभागी भएका थियो। <br> • नीति निर्माण तह एवम् निर्णय प्रक्रियामा मुस्लिम समुदायको पहुँच बढाउन सहयोग पुग्न गएको। <br> • मुस्लिम समुदायको सशक्तीकरण र समानुपातिक विकास लागि व्यक्तिको क्षमता विकासमा सहयोग पुग्न गएको। <br> • निजामति सेवामा मुस्लिम समुदायको प्रतिनिधित्व संख्यामा वृद्धि ल्याउन सहयोग पुग्न गएको। |
| ५. | लैगिङ्ग हिँसा सम्बन्धी जनचेतामूलक कार्यक्रम संचालन <br> जिल्ला र मिति <br> १. बारा, पर्सा२०७६।०३।२५ <br> २. रौतहट,सर्लाही२०७६।०३।२६ <br> ३. महोत्तरी, धनुषा २०७६।०३।२७ | • मुस्लिम महिलाहरुलाई मुलुकी देवानी संहिता र कार्यविधि संहिताको बारेमा जानकारी प्राप्त भएको। <br> • मुस्लिम समुदायका महिलालाई आफ्नो हक हितको सुरक्षा र अधिकार एवम् कानूनी न्याय प्राप्तिको प्रक्रियाको बारेमा जानकारी प्राप्त भएको। <br> • कानूनी एवम् न्यायिक प्रक्रिया वा आफ्नो हक हितको सुरक्षा एवम् अधिकार प्राप्तिको बारेमा मुस्लिम समुदायका महिलालाई जानकारी भएको। <br> • मुस्लिम समुदायमा भित्र जनचेतना अभिवृद्धि गर्न सहयोग पुगेको। |

| | | |
|---|---|---|
| | | • महिला हिंसाको विरुद्धमा पीडितलाई तत्काल कानूनी उपचार प्राप्तगर्न सहयोग पुगेको ।<br>• मुस्लिम समुदायहरुलाई न्यायिक निकायसँगको पहुँचमा बृद्धि ल्याउन सहयोग पुगेको । |
| ६. | शैक्षिक सामाग्री वितरण कार्यक्रम<br>१. बारा, पर्सा २०७६।०३।२५<br>२. रौतहट२०७६।०३।२६ | • आर्थिक रुपमा कमजोर अवस्थामा रहेका परिवारका बालबालिकाजो मद्रसामा अध्ययनरत विद्यार्थीहरुलाई मुस्लिम आयोग लेखिएको स्कुल ब्याग, कपि र इन्स्ट्रुमेन्ट बक्स वितरण गरिएको ।<br>• मुस्लिम समुदायभित्र आर्थिक अवस्था ज्यादै न्यून भएका परिवारका बालबालिकाहरुलाई पठन पाठनकोलागि विद्यालय पठाउन अभिप्रेरित गर्नसहयोग पुगेको । |
| ७. | मुस्लिम समुदायको हक हितको संरक्षण,सम्बर्द्धन र सशक्तीकरण सम्बन्धी सचेतनामूलक सन्देश सहितको डकुमेन्ट्रीकार्यक्रम | • मुस्लिम समुदायको हक हितको संरक्षण, सम्वर्द्धन र सशक्तीकरण सम्बन्धी सचेतनामुलक सन्देश सहितको डकुमेन्ट्री तयार गरी टेलीभिजनबाट समेत प्रसारण गर्ने व्यवस्था मिलाएको र आयोगको WEBSITE मा राखिएको ।<br>• मुस्लिम समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा सशक्तीकरण विषयमा सचेतामूलक सन्देश प्रवाह भएको ।<br>• मुस्लिम समुदायको विद्यमान अवस्थाको बारेमा सवैमा जानकारी भएको ।<br>• मुस्लिम समुदायको शिक्षा स्वास्थ्य र जीविकोर्पाजनको अवस्थाको बारेमा सूचनामूलक जानकारी प्राप्त भएको ।<br>• मुस्लिम समुदायमा जनचेतनामूलक कार्यक्रम संचालनमा ल्याउन सहयोग पुगेको हुने ।<br>• मुस्लिम समुदायको आर्थिक, सामाजिक र भौतिक अवस्थाको बारेमा जानकारी भएको ।<br>• सरकारलाई मुस्लिम समुदायको उत्थान र विकासका लागि कार्यक्रम तर्जुमा गरी कार्यान्वयनको लागि सिफारिस गर्न सहयोग पुगेको ।<br>• आयोगलाई आगामी दिनमा नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुगेको । |

## ३.३ कार्यक्रमको वित्तीय एवम् भौतिक प्रगतिहरु

यस आयोगबाट यस आ.व. मा संचालन गरिएका कार्यक्रमहरुको भौतिक र वित्तीय प्रगतिहरु देहाय बमोजिम रहेका छन्।

### आ. व. २०७५।२०७६ मा स्वीकृत कार्यक्रमहरुको वित्तीय प्रगति

| सि.नं. | कार्यक्रमको नाम | विनियोजित बजेट | वित्तीय प्रगति (रु) | प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १. | मुस्लिम समुदायको हक हितको संरक्षण संम्बर्द्धन र सशक्तीकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम | २४,६८,०००।- | १५,७१,८२०।- | मुस्लिम समुदायको हक हितको संरक्षण, संम्बर्द्धन र सशक्तीकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम ५ वटा सम्पन्न भएको -:<br>• प्रदेश नं० १ को इटहरी,<br>• प्रदेश नं० २ को जनकपुर ,<br>• प्रदेश नं० ५ को नेपालगञ्ज र<br>• प्रदेश नं. ३ को ललितपुर<br>• संघस्तरीय काठमाण्डौं, | कार्यक्रमको उपलब्धी उल्लेख्य रुपमा भएको।<br>सम्माननीय प्रधानमन्त्रीज्यूलगायत उच्च स्तरका व्यक्तिहरुको कार्यक्रममा सहभागिता रहेको थियो। |
| २. | इफ्तार कार्यक्रम | ५,५०,०००।- | ५,४१,९४८।- | इस्लाम धर्माबलम्वी मुसलमानहरुको पवित्र महिना रमजान पर्वको अवसरमा शुभकामना आदान प्रदान भएको। | उच्चस्तरको पदाधिकारीहरुको सहभागिता रहेको थियो।कार्यक्रमको उपलब्धी सन्तोषजनक रहेको। |
| ३. | लोक सेवा तयारी कक्षा | १०,००,०००।- | ८,५७,०००।- | • मुस्लिम समुदाय भित्रका शैक्षिक योग्यता पुगेका व्यक्तिहरुलाई नि:शुल्क लोक सेवा आयोगको तयारी कक्षा एक महिना | यसमा महिला र पुरुष दुवैलाई सहभागि गराइएकोमा महिलालाई बढी प्राथमिकता दिइएको थियो । कार्यक्रमको उपलब्धी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | संचालन भएको। <br>• उत्त कक्षामा शाखा अधिकृत 47 जना र ना सु ५5 जना सहभागी गराइएको थियो। | सन्तोषजनक रहेको |
| ४. | लैगिङ्ग हिँसा सम्बन्धी जनचेतामूलक कार्यक्रम | १५,००,०००।- | ९,००,०००।- | • प्रदेश नम्वर २ का बारा, पर्सा, रौतहट, सर्लाही, धनुषा र महोत्तरी ६ वटा जिल्लामा कार्यक्रम संचालन भएको। <br>• कार्यक्रममामुस्लिम महिलाहरुलाई मुलुकी देवानी संहिता र कार्यविधि संहिताको बारेमा जानकारी गराइएको थियो। | मुस्लिम महिलाहरु उल्लेख्य रुपमा सहभागी गराइएको र कार्यक्रमको उपलब्धी सन्तोषजनक रहेको। साथै आ.व.को अन्त्य हुन लागेको र वर्षाको कारणले सवै जिल्लामा कार्यक्रम हुन नसकेको। |
| ५. | शैक्षिक सामाग्री वितरण कार्यक्रम | १४,००,०००।- | ६,६२,४०५।- | आर्थिक रुपमा कमजोर अवस्थामा रहेका परिवारका बालबालिका जो मद्रसामा अध्ययनरत छन् विद्यार्थीहरुलाई मुस्लिम आयोग लेखिएको स्कुल ब्याग, कपि र इन्स्टुमेन्ट बक्स वारा, पर्सा र रौतहट जिल्लामा वितरण गरिएको। | |
| ६. | डकुमेन्ट्री कार्यक्रम | ५,००,०००।- | ४,५१,५००।- | मुस्लिम समुदायको हक हितको संरक्षण सम्बर्द्धन र सशक्तिकरण सम्बन्धी सचेतनामूलक सन्देश सहितको डकुमेन्ट्री तयार गरी टेलिभिजन च्यानलमा प्रसारण भएको। | |
| | **कुल कार्यक्रमको बजेट र खर्च** | **७४,१८,०००/-** | **४९,८४,६७३/-** | | |
| | **खर्च प्रतिशत** | | **६७.२०%** | | |

## ३.४ आयोगको वार्षिक बजेट र खर्च

यस आयोगको यस आर्थिक वर्ष २०७५।०७६ को कूल बजेट र खर्च स्थिति यस प्रकार रहेको छ।

कूल बजेट र खर्च स्थिति

| क्र.स. | शीर्षक | विनियोजित बजेट | खर्च (रु) | प्रतिशत प्रगति |
|---|---|---|---|---|
| १ | चालु खर्च पदाधिकारी | ५६,००,००० | ४,९७,५०५.४० | ८।९० |
| २ | चालु खर्च कर्मचारी | २,२२,००,००० | १,०३,६६,९२३।९१ | ४६।७० |
| ३ | पूँजीगत खर्च | ४,२३,००,००० | ३,७०,०३,६६६.६९ | ८७।५० |
| | जम्मा | ७,०१,००,००० | ४,७८,६८,०९६.०० | ६८।३० |

## ३.५ आयोगबाट भइरहेका अन्य गतिविधिहरुको प्रगति

आयोगबाट आ.व. २०७५/०७६ मा कार्य सम्पादन भएका अन्य गतिविधि र तिनको उपलब्धिहरु यस प्रकार रहेको छ।

१. मुस्लिम आयोगको आचारसंहिता, २०७६ मिति २०७६।०३।३१ मा आयोगबाट स्वीकृत भई कार्यान्वयनमा आएको ।अनुसूचि – १ संलग्न छ।
२. मुस्लिम समुदायको महानपर्वमा राष्ट्रिय सार्वर्जनिक विदाको लागि नेपाल सरकारलाई सिफारिस गरिएको र ईदउल फित्रमा राष्ट्रिय सार्वजनिक विदा भएको।
३. मुस्लिम आयोगको मध्यकालीन खर्च संरचना (आर्थिक वर्ष २०७६।७७-२०७८।७९) तर्जुमा गरी राष्ट्रिय योजना आयोगमा पठाएको। अनुसूचि – २ मा रहेको
४. विभिन्न विषयनया घटना सँग सम्बन्धित विभिन्न समयमा प्रेस विज्ञप्ति आयोगबाट प्रकाशित भएको।
५. पर्सामा आएको हावाहुरीको विनासको माननीय अध्यक्षबाट निरीक्षण भई पीडितलाई सहयोगको लागि सम्वन्धित निकायलाई ध्यानाकर्षण गराइएको।
६. मुस्लिम समुदायको समस्या समाधानको विषयमा माननीय अध्यक्षबाट मुस्लिम समुदाय र संघ संस्थाहरु विच विभिन्न समयमा विभिन्न जिल्लाहरुमा छलफल तथा भेटघाट सपन्न भयो।
७. संविधान र ऐनले तोकेको कार्यक्षेत्र, कार्यप्रकृति र कार्यक्रमको आधारमा आयोगको विद्यमान संगठन संरचना र दरबन्दीमा केही हेरफेर एवमं थपघट गरी आयोगको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार गरी आयोगमा पेश भएको।

८. यस आयोगका पदाधिकारीहरु र कर्मचारीहरुको प्रयोगका लागि सवारीसाधन आवश्यक भएकोले जम्मा ६ वटा सवारी साधन खरिद गरिएको।

९. हजमा जाने हाजीहरुको विगतका वर्षहरुमा १२०० जनाको कोटा भएकोमा यस वर्ष यस आयोगको पहलमा ३०० थप भई जम्मा १५०० कोटा पुगेको र हजमा जाने हाजीहरुलाई आयोगका अध्यक्ष तथा अन्य कर्मचारीबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा विदाई तथा सहजीकरण कार्य गरेको।

१०. आयोगका काम कारवाहीलाई नियमित र पारदर्शी बनाउन तथा आयोगबाट भएका काम कारबाहीलाई छिटो साधन मार्फत जनमानसमा सम्प्रेषण गर्ने उद्देश्यले आयोगको वेव साइट तयार गरी कार्यान्वयनमा ल्याएको। www.muslimcommission.gov.np .

११. आयोगमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको पदस्थापना तथा कार्यविभाजन गरी कार्यजिम्मेवारी तोकिएको।

१२. माग भएका सुचनाहरु प्रवाह गर्नको लागि सूचना अधिकारीको व्यवस्था गरिएको।

१३. सवै कर्मचारीहरुको व्यक्तिगत विवरण अध्यावधिक गरी राखिएको।

१४. राष्ट्रिय मानव अधिकार आयोग लगायत अन्य संवैधानिक आयोगहरु सँग समसामयिक विषयमा छलफल, अन्तरकृया तथा समन्वय र सहकार्य गरिएको।

परिच्छेद – ४

# विविध

## ४.१ आयोगको बैठकका निर्णयहरु

<table>
<tr><th>बैठक</th><th>निर्णय मिति</th><th>निर्णयहरु</th></tr>
<tr><td>पहिलो</td><td>२०७५चैत्र ११</td><td>१. मुस्लिम साँस्कृतिक पर्वहरुमा सार्वजनिक विदाबारेः मुस्लिम समुदाय र राज्यबीच भएका तीनवटा सहमतीहरुमा राज्यले मुस्लिम समुदायका साँस्कृतिक पर्वहरु ईदुल फित्र, ईदुल अज्हा, मुहम्मद दिवस १२ रब्बीउल अब्बल, मुहरमरशबेबा रातमा सार्वजनिक बिदा दिने सम्झौता भएको र देशभरका मुस्लिम समुदायले उक्त विदाहरुको माग गर्दै निरन्तर आवाज उठाईरहेको हुँदा मस्लिम समूदायको धार्मिक र साँस्कतिक पर्वहरुमा देहाय बमोजिम सार्वजनिक बिदा घोषणा गर्न नेपाल सरकारलाई सिफारिस गर्ने।<br>
<table>
<tr><td>ईदुल फित्र (ईद)</td><td>नेपाल राज्य भर १ दिन सार्वजनिक बिदा</td></tr>
<tr><td>ईदुल अज्हा (बकर ईद)</td><td>नेपाल राज्य भर १ दिन सार्वजनिक बिदा</td></tr>
<tr><td>मुहम्मद जयन्ती (मुहम्मद दिवस)</td><td>नेपाल राज्य भर १ दिन सार्वजनिक बिदा</td></tr>
<tr><td>मुहर्रम</td><td>मुस्लिम समुदायलाई मात्र बिदा</td></tr>
<tr><td>शबे बारात</td><td>मुस्लिम समुदायलाई मात्र बिदा</td></tr>
</table>
उक्त सार्वजनिक बिदाहरुको दिन राज्यले कुनै पनि प्रकारको परीक्षा (शिक्षण संस्था, लोकसेवा आयोगको परीक्षा आदी) नराख्न</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td>समेत सम्बन्धित निकायहरुलाई निर्देशन गरिदिन अनुरोध गर्ने ।<br><br>२. हजको कोटा बृद्धिबारेः यस सम्बन्धमा छलफल गर्दा हजको सविकमा दिदै आएको कोटामा १००० एक हजार वृद्धि गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने<br><br>३. मुस्लिम समुदायका विशिष्ट व्यक्तिहरुसँग अन्तरकृया गर्ने बारे<br><br>क. संघीय संसदमा प्रतिनिधित्व गर्ने र प्रदेश सभामा प्रतिनिधित्व गर्ने मुस्लिम समुदायका सांसद तथा काठमाडौं उपत्यकामा उपलब्ध मुस्लिम बुद्धिजिविहरुको सहभागितामा २०७५ चैत महिनामा एक दिने अन्तर्क्रिया कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।<br><br>ख. २०७५ साल चैत्र र २०७६ सालको बैशाख महिना भित्र प्रदेश नं. १ को इटहरि, प्रदेश नं. २ को जनकपुर, प्रदेश नं. ३ को ललितपुर, गण्डकी प्रदेशको पोखरा र प्रदेश नं. ५, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशको लागि बाँकेमा मुस्लिम समुदायसँग अन्तरकृया कार्यक्रम गर्ने निर्णय गरियो ।<br><br>४. अन्य आयोगहरु समावेशी आयोग, मधेशी आयोग र थारु आयोगसँग समन्वय र सहकार्य गर्ने ।</td></tr>
<tr><td>दोस्रो</td><td>२०७५चैत्र १८</td><td>१. मिति २०७५ चैत्र १७ गते आइतवारका दिन बारा र पर्सा जिल्लामा आएको आँधी हुरी टोर्नाडोले व्यापक धनजन तथा भौतिक पुर्वाधारको क्षति भएकोले उक्त स्थानमा यस आयोगका माननीय अध्यक्ष ज्यूको संयोजकत्वमा पत्रकार २ जना र अन्य विज्ञ १ जनाको टोली स्थलगत अवलोकन भ्रमणमा जाने भएकोले उक्त भ्रमणमा जाँदा लागेको भ्रमण भत्ता यस आयोगले व्यहोर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>तेस्रो</td><td>२०७५चैत्र २६</td><td>१. मुस्लिम आयोगको समन्वयमा अन्तरक्रिया कार्यक्रमहरु संघ र प्रदेश स्तरमा देहाय अनुसारका मिती समय र स्थानमा संचालन गर्ने निर्णय गरियोः–<br><table><tr><td>मिति</td><td>स्थान</td><td>कैफियत</td></tr><tr><td>२०७६/०१/९ गते सोमबार</td><td>प्रदेश नं. १ को इटहरीमा</td><td>प्रदेश स्तरीय</td></tr></table></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td>
<table>
<tr><td>२०७६/०१/१०गते मङ्गलबार</td><td>प्रदेश नं. २को जनकपुरमा</td><td>प्रदेश स्तरीय</td></tr>
<tr><td>२०७६/०१/१२गते बिहीबार</td><td>प्रदेश नं. ३ को चितवनमा</td><td>प्रदेश स्तरीय</td></tr>
<tr><td>२०७६/०१/१४गते शनिबार</td><td>प्रदेश नं. ४ को पोखरामा</td><td>प्रदेश स्तरीय</td></tr>
<tr><td>२०७६/०१/१९गते बिहीबार</td><td>प्रदेश नं. ६ को नेपालगञ्जमा</td><td>प्रदेश स्तरीय</td></tr>
<tr><td>२०७६/०१/२१गते शनिबार</td><td>काठमाण्डौमा</td><td>संघ स्तरीय</td></tr>
</table>
</td></tr>
<tr><td>चौथो</td><td>२०७६बैशाख२४</td><td>१. मुस्लिम समुदायको धार्मिक, साँस्कृतिक र सामाजिक कार्यका लागि प्रदेश नं. २ को विरगंज तथा प्रदेश नं. ५ को नेपालगंजमा मुस्लिम कम्युनिटी हल निर्माण गर्न बजेट व्यवस्थाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने।<br><br>२. मुस्लिम समुदायको संस्कृति झल्को तथा विभिन्न जिल्लाबाट तिर्थाटनका लागि आउने हजयात्रीको आवास व्यवस्थापनका लागि काठमान्डौं मुस्लिम संग्रहालय तथा हज गृह निर्माण गर्न बजेट व्यवस्थाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने।<br><br>३. काठमाडौंमा निर्माण गरिने मुस्लिम संग्रहालय तथा हज गृहका लागि जग्गा उपलब्ध गराइदिन वन तथा वातावरण मन्त्रालयमा अनुरोध गर्ने।<br><br>४. आयोगका पदाधिकारी (अध्यक्ष तथा सदस्यहरु) को लागि सवारी साधन अभाव भएकोले अर्थ मन्त्रालयबाट रकमान्तर भई आएको रु. तीन करोड बजेट तथा चालु आ.ब.मा एक थान गाडी खरिद गरी बाँकी रहेको बजेट समेत गरी करीव रु तीन करोड बाह्र लाख बजेट रहेकोमा माननीय अध्यक्ष ज्यूलाई देशका विभिन्न भूभागमा आवत जावत गर्न र कार्यक्रमको बखत अन्य सार्वजनिक पदाधिकारीलाई समेत साथै लैजान एउट उच्च स्तरको ४ WHD करिव ३००० CC (±10%) र अन्य ४ जना सदस्यको लागि करिव १५०० CC (±10%) सम्मको ४ वटा गाडी बाँकी रहेको कुल बजेट सिमा भित्र रहेर खरिद गर्ने।</td></tr>
<tr><td>पाँचौ</td><td>२०७६ ज्येष्ठ ५</td><td>१. तपशिलका अनुमानित बजेट सहितको प्रस्तावित कार्यक्रम आर्थिक वर्ष २०७५।०७६ मा संचालन गर्ने निर्णय गरियो ।</td></tr>
</table>

| क्र. सं. | कार्यक्रमको नाम | कार्यक्रम गर्ने समयावधि | कार्यक्रम गर्ने स्थान | बजेट | कार्यक्रम गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | अन्तरक्रिया कार्यक्रम | एक दिवसिय | नेपालगञ्ज | ५,००,००० | मुस्लिम आयोग | २०७६।०२।२९गते |
| २. | इफ्तार कार्यक्रम | एक दिवसिय | काठमाण्डौं | ५,५०,००० | मुस्लिम आयोग | उच्चस्तरको सहभागितालाई मननगरी २०७६।२।११गते उच्चस्तरको होटलमा कार्यक्रम गर्ने |
| ३. | लैंगिक हिंसा सम्बन्धी जनचेतामूलक कार्यक्रम | एक दिवसिय | मोरङ्ग, बारा, सुनसरी, रौतहट, पर्सा, सर्लाही, सिराहा, ससरी, ,महोत्तरी र धनुषा। | १५,००,००० (प्रति कार्यक्रम १,५०,००० दरले) | मुस्लिम आयोग | • देवान संहिता र फौजदारी कार्यविधिसंहिताको बारेमा जानकारी गराउने<br>• कानुनी व्यवसायी वा वकिल प्रशिक्षक रहने |
| ४. | लोक सेवा तयारी कक्षा | ३० दिन | काठमाण्डौं | १०,००,००० | | • ना. सु. र अधिकृत तह प्रथम पेपर |
| ५. | शैक्षिक सामाग्री वितरण | | मोरङ, बारा, सुनसरी, | १४,००,००० | मुस्लिम आयोग | • स्कुल ब्याग ,कपी र इन्स्टुमेन्ट बक्स |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | | रौतहट, पर्सा, सर्लाही, सिराहा, सप्तरी, ,महोत्तरीधनुषा, रुपन्देही, कपिलबस्तु, गोरखा, बाँके र बर्दिया । | | | • २००० व्याग, ४००० कपी र २००० इन्स्टुमेन्ट बक्स |
| ६. | डकुमेन्ट्री तयार कार्यक्रम | ३० दिन | काठमाण्डौं | ५,००,००० | डकुमेन्ट्री वा मिडियासँग सम्बन्धी व्यवसायी | |
| **कुल बजेट** | | | | **५४,५०,०००** | | |

२. चालु आ.व.मा आयोगको ब.उ.शि.न. २३४०११३ (चालु खर्च) को ख.शि.नं.२२५२२ (कार्यक्रम खर्च) मा रु ४०,००,०००/-)चालिस लाख ( विनियोजन रहेकोमा हालसम्म रु.१२,९७,५७४/- (बाह्र लाख सन्तानब्बे हजार पाँच सय चौरहत्तर) विभिन्न कार्यक्रममा खर्च भै सकेको आगामी दिनमा संचालन गरिने कार्यक्रमको लागि आयोगको निर्णय बमोजिम रकम अपुग हुने भएकाले ख.शि.नं. २२९११ भैपरी आउने चालु खर्चमा अवण्डा रहेको रकम रु ३५,१९,०००/- (पैतिस लाख उन्नाइस हजार) कार्यक्रम खर्चमा रकमान्तर गर्न अर्थ मन्त्रालयमा लेखि पठाउने निर्णय गरियो ।

३. मुस्लिम समुदायको सार्वजनिक प्रशासनमा उपस्थिति साह्रै नै न्यून रहेकाले सक्रिय सहभागिताको लागि आयोगको वित्तिय सहयोगमा नायब सुब्बा र शाखा अधिकृत पदको लागि लोक सेवा ५०/५० जनाको दरले तयारी कक्षा संचालन गर्ने र दरखास्तमा चाप पर्न आएमा ±१० प्रतिशत सम्म समायोजन गर्न सकिने र यस कक्षा संचालनका लागि

| | | |
|---|---|---|
| | | सूचना प्रकाशन गरी अविलम्व दरखास्त आह्वान गर्न ।<br>४. तालिम प्रदायक संस्था टेण्डर आह्वान गरी छनौट गर्न यस चालु आ.व. को अन्त हुन लागि सकेको हुँदा समयअभावको कारण कोटेशन लिई उपयुक्त तालिम प्रदायक संस्था छनौट गरी तालिम संचालन गर्ने निर्णय गरियो। |
| छैठौं | २०७६ ज्येष्ठ १३ | १. यस आयोगको मिति २०७६।०२।०५ गतेको निर्णयानुसार चालु आ.ब. २०७५/०७६ मा संचालन गरिने कार्यक्रमहरु मध्ये मुस्लिम समुदायका परिक्षार्थीहरुका लागि शाखा अधिकृत र नायब सुब्बा तहको निशुल्क लोकसेवा आयोग तयारी कक्षा संचालन गर्न मिति २०७६/०२/०७ गते ७ दिनको सूचना प्रकाशित भएकोमा शाखा अधिकृत तर्फ ४५ र नायव सुब्बा तर्फ ६५गरी कुल ११० वटा निवेदन प्राप्त भएकोमापेश भएका काजताजहरु उपर आयोगले अध्ययन गर्दा शाखा अधिकृतमा ४४ जना र नायब सुब्बा ५५ जना निवेदकहरु छनौट गरी नामावली प्रकाशन गर्ने निर्णय गरियो ।साथै प्रक्रिया पुरा गरेर आएका शैक्षिक संस्थालाई छनौट भएका परीक्षार्थीहरुलाई अध्ययन अध्यापन गराउने अनुमति दिने निर्णय गरियो।<br>२. लोक सेवा आयोगको निःशुल्क तयारी कक्षा पढ्न आयोगबाट छनौट भईनामावली प्रकाशन गरिएका निवेदकहरु ७ दिन सम्म तयारी कक्षामा उपस्थिति नभएमा आयोगले कोटा भित्र रही सूचना अघि वा पछि निवेदन दिएका पढ्न ईच्छुक परीक्षार्थीहरुलाई पढाउन समावेश गराउन सक्ने निर्णय गरियो । |
| सातौं | २०७६ ज्येष्ठ १७ | नेपाल सरकार (मन्त्रिपरीषद) को निर्णयअनुसार मुस्लिम समुदायको धार्मिक पर्व ईद उल फित्र (ईद) मा सार्वजनिक विदा दिने घोषणा गरिसकेको हुँदा यस महान पर्वलाई ध्यानमा राखी मिति २०७६/०२/२२ र २३ गते विश्वविद्यालय एवं विद्यालयबाट नियमित रुपमा संचालन हुन गइरहेका परीक्षाहरुको मिति परिवर्तन गर्ने व्यवस्थाका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो । |
| आठौं | २०७६ ज्येष्ठ २१ | मुस्लिम धर्मावलम्वीहरुको महत्वपूर्ण चाड ईद उल फित्रको अवसरमा नेपाल सरकार (मन्त्रिपरिषद)को मिति २०७६।०२।१० गतेको निर्णयानुसार मिति २०७६।०२।२३ गते सार्वजनिक विदा दिने निर्णय भएकोमा चन्द्रमाको अवलोकनका आधारमा ईद मनाईने भएकाले आयोगको पहलमा मुस्लिम आयोगका माननीय अध्यक्षज्यूको समुपस्थितिमा नेपाली जामे मस्जिद, पंच काश्मिरी जामे मश्जितका प्रतिनिधीहरु एवं ओलमाहरुको उपस्थितीमा मिति २०७६।२।२०गते बसेको बैठकले चन्द्रमाको अवलोकन गरी ईदको औपचारिक मिति घोषणा गर्ने अधिकार |

| | | |
|---|---|---|
| | | आयोगलाई दिए बमोजिम मिति २०७६।२।२२ गते सार्वजनिक बिदा घोषणा गरिदिनु हुन गृह मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो । |
| नवौं | २०७६ ज्येष्ठ २४ | नेपालको संविधानको प्रस्तावनामा ...आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समातामूलक समाजको निर्माण गर्ने संकल्प गरेको त्यसै गरी भाग३ को धारा ४२ को उपधारा १ को "...मुस्लिम, पिछाडावर्ग, अल्पसंख्यक, सीमान्तकृत......समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ" र ऐ संविधानको उपधारा२ ले आर्थिक रुपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकका संरक्षण उत्थान सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षमा विशेष अवसर तथा लाभ पाउने हकको व्यवस्था गरेको छ ।<br><br>त्यसै गरी ऐ संविधानको राज्यका निर्देशक सिद्धान्त नीति तथा दायित्वको धारा ५१ (ज) को १० मा मधेशी समुदाय, मुस्लिम र पिछडा वर्गलाई आर्थिक, सामाजिक तथा साँस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदाय भित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासको अवसर तथा लाभको लागि विशेष व्यवस्था गर्ने भन्ने उल्लेख भएको छ ।<br><br>नेपाल सरकारले संघीय व्यवस्थापिका संसदमा प्रस्तुत गरेको संघीय निजामति सेवा विधेयकमा मुस्लिम समुदायलाई समेत समावेशी आरक्षणको व्यवस्था उल्लेख गरिएको र उक्त संसदमा विचाराधिन अवस्थाको विधेयक विपरीत कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ को व्यवस्था तथा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६/०२/०६ को निर्णय अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत प्राप्त स्थानीय तहको रिक्त रहेको पदहरुको पदपुर्ति गर्न लोक सेवा आयोगले मिति २०७५/०२/१५ गते सुचना नम्वर ५३०।०७५-७६ बाट विज्ञापन प्रकाशन रहेकोमा यस आयोगको गम्भिर ध्यानाकर्षण भएको छ । अत समावेशी सिद्धान्तको मुल मर्मलाई ध्यानमा राखी उक्त प्रकाशित विज्ञापन संशोधन गरी सार्वजनिक प्रशासनमा विभिन्न वर्गलाई सहभागि हुने व्यवस्था गरिदिनु हुन सम्बन्धित निकायहरुको ध्यानाकर्षणको लागि प्रेस विज्ञप्ति निकाल्ने निर्णय गरियो । |
| दशौं | २०७६ज्येष्ठ २७ | १. आयोगका पदाधिकारी तथा कर्मचारीहरुको लागि आचार संहिता १५ दिन भित्र तयार गरी आयोग समक्ष पेश गर्न निम्नानुसारको समिती गठन गर्ने निर्णय गरियो ।<br>सचिव श्री शम्भु बहादुर खड्का—संयोजक |

| | | |
|---|---|---|
| | | उप सचिव श्री जमुना मिश्र—सदस्य<br>उप सचिव श्री अनिल खनाल — सदस्य<br>सम्बन्धित विषयका विज्ञ अधिवक्ता एक जना — सदस्य<br>शा.अ. श्री पुण्य माया गुरागाई — सदस्य सचिव |
| एघारौं | २०७६ असाढ ८ | १. मुस्लिम समुदायका माननीय मन्त्रीज्यू, संघीय तथा प्रदेश सरकारका सांसदज्यूहरु, सरकारी एवं सार्वजनिक निकायका उच्च व्यक्तित्वहरु, राजनीतिक दलका प्रतिनिधिहरु, मुस्लिम समुदायको हकहितको लागि क्रियाशील संघ संस्थाका प्रमुख एवं प्रतिनिधिहरु, मुस्लिम समुदायका विज्ञहरु आदिको सहभागीतामा मिति २०७६/०३/११ गते मुस्लिम समुदायको हक हित संरक्षण र सम्वर्द्धन तथा सशक्तीकरण विषय एक दिने अन्तर्क्रिया कार्यक्रम संचालन गरिने र उक्त कार्यक्रम संचालन गर्न अनुमानित रु ७०,०००/- अक्षेरुपी सत्तरी हजार बजेट खर्च लाग्न सक्ने निर्णय गरियो।<br>२. आयोगको मौजुदा दरवन्दी बाट आयोगको काम कर्तव्य सम्पन्न गर्न गराउन पर्याप्त नदेखिएकोले संगठन संरचना र कर्मचारी दरवन्दी पुनरावलोकन सम्बन्धी कार्य गर्ने निर्णय गरियो । |
| बाह्रौं | २०७६आषाढ २० | यस आयोगको मिति २०७६/०२/०५ मा वसेको पाचौं वैठकको निर्णय नं १ मा अनुमानित बजेट सहितको प्रस्तावित कार्यक्रमको बुंदा नं. ४ अन्तर्गतको लैङ्गिक हिंसा सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गर्न यातायात खर्च वापतको रकम नपुग हुने भएकोले उक्त रकम प्रति कार्यक्रम रु ७०,०००/- संसोधन गरी प्रती कार्यक्रम प्रति जिल्ला (मोरङ, सुनसरी, बारा, पर्सा, रौतहट, सर्लाही, सप्तरी, सिराहा, महोत्तरी र धनुषा) रु१,५०,०००/- को दरले जम्मा रु १५,००,०००/- मा कार्यक्रम संचालन गर्न स्वीकृती दिने निर्णय गरियो । |
| तेह्रौं | २०७ आषाढ ३१ | १. यस आयोगको मिति २०७६/०२/२७ गते बसेको वैठकले आयोगकका सदस्य एवं कर्मचारीका लागि आचारसंहिता १५ दिन भित्रमा तयार गरी आयोग समक्ष पेश गर्न श्रीमान सचिवज्यूको संयोजकत्वमा आयोगका कर्मचारी तथा कानूनको विज्ञसमेत रहने गरी पाँच सदस्य समिति गठन गरेकोमा उक्त समितिबाट पेश भएको आचारसंहितामस्यौदा प्रतिवेदन स्वीकृत गरी २०७६/०४/०१ बाट लागू हुने गरी निर्णय गरियो ।<br>२. हाल यस आयोगले प्रयोग गरीरहेको कार्यालय भवन हालको कर्मचारी दरवन्दी संरचना तथा आयोगका अध्यक्षज्यू |

| | | |
|---|---|---|
| | | तथा सदस्यहरुका लागि अपर्याप्त हुनुको साथै संवैधानिक आयोगको स्तरलाई ध्यानमा राखी कुनैपनि आधारभूत सेवासुविधा नभएकोले दैनिक कार्य तथा विशेष कार्यक्रम संचालन गर्न कठिनाई भोग्दै आएकोमा स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान जावलाखेलको आफ्नो नयाँ आधुनिक सुविधा सम्पन्न भवन बनाई सरीसकेको हुनाले उक्त प्रतिष्ठानले विगतमा प्रयोग गरेको पुरानो भवन यस आयोगको लागि उपयुक्त हुने भएकोले श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समक्ष उपलब्ध गराईदिनुहुन अनुरोध गर्ने निर्णय गरियो । |

## ४.२ अध्यक्षज्यूको भ्रमण तथा उपलब्धिहरु

| सि.न. | देखि | सम्म | स्थान | उदेश्य | वित्तिय व्ययभार | उपलब्धीहरु |
|---|---|---|---|---|---|---|
| १ | २०७५।१२।११ | २०७५।१२।१७ | पर्सा | शुभकामना आदानप्रदान | ३०,६९४/- | मुस्लिम आयोगका अध्यक्षज्यूलाई मुस्लिम समुदायको बुद्धिजिवी र स्थानीय जनप्रतिनिधिज्यूहरुबाट पदबहालीको शुभकामना आदानप्रदान भएको । |
| २ | २०७५।१२।१८ | २०७५।१२।१९ | बारा पर्सा | हवाई अनुगमन | ६,२४०/- | • बाढी पहिरो र हावाहुरीबाट प्रभावित एवं प्रकोप ग्रसित क्षेत्रको सम्माननीय प्रधानमन्त्रिज्यूसँगै हेलिकप्टरबाट निरीक्षण । |
| ३ | २०७५।१२।२१ | २०७५।१२।२५ | मकवानपुर रौतहट | समसामयिक विषयमा सरोकारवालाहरु सँग छलफल | २०,७६८/- | • विनासकारी हावाहुरीबाट क्षती भएका पीडित परिवारलाई राहत उपलब्ध गराउन आव्हान गर्नुका साथै अस्थायी बसोबासका लागि १०० घर परिवारलाई जस्ता पाता उपलब्ध गराउने प्रतिवद्धता।<br>• प्रकोपमा परी आफ्नो सम्पूर्ण परिवार गुमाएका एक जना बालकको उच्च शिक्षासम्मको सम्पूर्ण शैक्षिक खर्च व्यहोर्ने प्रतिवद्धता । |
| ४ | २०७५।१२।२७ | २०७५।१२।२९ | बारा पर्सा | बारा को फेटा गा.पा. अनुगमन | १५,०९८/- | विनासकारी हावाहुरी पीडित १०० घरपरिवारलाईजस्ता पाता वितरण गरिएको। |
| ५ | २०७६।१।१४ | २०७६।१।१५ | मोरङ | छलफल कार्यक्रम | ११,९२५/- | मुस्लिम समुदायको हक हितको संरक्षण सम्वर्द्धन र सशक्तीकरण गर्ने विषयमा मुस्लिम समुदायका बुद्धिजिवीहरुसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | २०७६।२।७ | २०७६।२।९ | मकवानपुर पर्सा | प्रदेश प्रमुखसँगबैठक | ५,६२५/- | प्रदेश प्रमुखसँग मुस्लिम समुदायको हक हितका लागि चाल्नुपर्ने कदमको विषयमा छलफल भएको। |
| ७ | २०७६।२।२४ | २०७६।२।२७ | पर्सा मकवानपुर | ईदको शुभकामनाआदानप्रदान | ८,१२५/- | ईद पर्वको शुभकामनाआदान प्रदान गरिएको । |
| ८ | २०७६।२।३१ | २०७६।३।१ | मकवानपुर | ईदको शुभकामनाआदानप्रदान | ५,६२५/- | ईद पर्वको शुभकामनाआदान प्रदान गरिएको । |
| ९ | २०७६।३।५ | २०७६।३।७ | वारा, पर्सा र मकवानपुर | जिल्ला प्रमुख, प्रहरी प्रमुख र ३ नं. प्रदेशको मुख्यमन्त्रीसँग भेटघाट | ५,६२५/- | • बारा र पर्सामा गएको विनासकारी हावाहुरी पछि पुनर्निमाणको अवस्थाको प्रगती बारे बुझ्नगएको ।<br>• प्रदेश ३ को मुख्यमन्त्रीको स्वास्थ्य स्थितिबारे बुझ्न गएको । |
| १० | २०७६।३।८ | २०७६।३।९ | भैरहवा | सुकुम्बासीसमस्या | ११,९२५/- | बुटवल नगरपालिकाले गरिव मुस्लिम समुदाय लगायत अन्य मधेशी विपन्न व्यक्तिको १६ घर गैरकानूनी रुपमा भत्काईएकोमा नगरपालिकासँग समन्वय गरी पीडित परिवारलाई तत्काल बैकल्पिक बासको प्रतिवद्धता जाहेर गराईएको । |
| ११ | २०७६।३।१५ | २०७६।३।१८ | नवलपरासी रुपन्देहीकपिलवस्तु | अन्तरक्रिया, उजुरीकोजाँच | १७,९२५/- | • अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।<br>• मुस्लिम नागरिकको शंकास्पद मृत्युको विषयमा उजुरी परेकोले छानविन सहित सत्यतथ्य पत्ता लगाउन प्रमुख जिल्ला अधिकारी सहित सुरक्षा निकायहरुसँग छलफल गरिएको । |
| | जम्मा | | | | १३९५८०/ | |

## ४.३ प्रेस विज्ञप्ति र शुभकामना मन्तव्यहरु

चालु आ.ब.मा यस आयोगबाट प्रकाशित प्रेस विज्ञप्ति र शुमकामना मन्तव्यहरु निम्नानुसार रहेको छ। यसको विस्तृत विवरण अनुसूचीमा राखिएको छ।

१. स्थानिय तहको कर्मचारी पदपुर्तिको विज्ञापन समावेशी हुनुपर्ने सम्बन्धमा प्रेश विज्ञप्ति जारी भएको।

२. रमजान र ईद पर्वको लागि माननिय अध्यक्षबाट शुभकामना वक्तव्य प्रकाशित भएको।

३. मिति २०७६ असाढ २६ गतेको अविरल वर्षाको क्षतिको विषयमा प्रेश विज्ञप्ति प्रकाशित भएको।

परिच्छेद – ५

# समस्या, सुझाव र भावी कार्यदिशा

## ५.१ समस्या

यस आयोगबाट विभिन्न मितिमा संचालन गरिएका प्रदेश स्तरिय, संघ स्तरिय र अन्य विभिन्न छलफल तथा अन्तर्क्रिया कार्यक्रमबाट प्राप्त सूचनाका आधारमा प्रमुख समस्या, सुझाव तथा सिफारिसहरु यस प्रकारका छन्।

### १. नीतिगत समस्याहरु

- नीति निर्माण तहमा मुस्लिम समुदायको उपस्थिति साह्रै न्युन रहेको।
- संविधानको विभिन्न धाराहरुमा उल्लेख रहेको आदिवासी, जनजाती, दलित र मधेशीसँगै मुस्लिम शब्द समावेस नभएको।
- अन्य समुदायको महिलालाई विशेष अधिकार दिइएको तर मुस्लिम महिलाको लागि छुट्टै **cluster** को व्यवस्था नभएको
- राजनैतिक सहभागितामा असमानता कायमै रहेको।
- राज्यका सम्पूर्ण निकायमा समानुपातिक प्रतिनिधित्व नभएको।
- मुस्लिम समुदायलाई राजनैतिक रुपमा अधिकारबाट बन्चित गरेको उदाहरण स्वरुप राष्ट्रिय सभामा मुस्लिम सहभागिता शून्य रहेको।
- मुस्लिम समुदायको शैक्षिक, आर्थिक र सामाजिक क्षेत्रको उत्थान र विकासका लागि विशेष अधिकारको व्यवस्था संविधानमा नभएको।
- मुस्लिम समुदायको उत्थान र विकासको लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानिय सरकार कुनै बाट पनि **specific** नीति तथा कार्यक्रम समावेश नभएको।

### २. शैक्षिक क्षेत्रका समस्याहरु

- मद्रसाको अवस्था अति दयनीय तथा राज्यद्वारा उपेक्षित रहेको।
- दर्ता भएका मद्रसाहरु सरकारी विद्यालय सरह सेवा सुविधा प्राप्त नभएको।
- मद्रसामा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक योग्यताले नेपाल सरकारबाट मान्यता नपाएको।
- शिक्षाको सरकारबाट मान्यता प्राप्त आफ्नो छुट्टै पाठ्यक्रम नभएको।
- गरिवी र चेतनाको कमीले गर्दा सवै वालवालिकको शिक्षामा पहुँच नरहेको।

- शैक्षिक वेरोजगार रहेको ।
- शिक्षामा लैंगिक विभेद रहेको ।
- महिला मैत्री विद्यालय एवम् शिक्षण संस्थाको अभाव ।
- राज्यले अनुदान सहयोग उचित मात्रामा नदिएको र विद्यार्थीको अनुपातमा शिक्षकको दरबन्दी नदिएको ।
- मद्रसामा गुणस्तरीय शिक्षाको अभाव रहेको ।
- मद्रसाहरुको भौतिक पूर्वाधारको अवस्था ज्यादै कमजोर रहेको जस्तै कक्षा कोठाको अभाव रहेको ।शौचालय व्यवस्था नभएको, फर्निचर, शैक्षिक सामाग्रीहरु नभएको ।

**३. भौतिक पूर्वाधार क्षेत्रका समस्याहरु**

- मद्रसाहरुको भौतिक पूर्वाधारको अवस्था ज्यादै दयनिय रहेको ।
- अधिकांश मुस्लिम समुदायको बसोबास भएको क्षेत्रमा भौतिक सुविधाको कमी रहेको जस्तै बाटोघाटो, खानेपानी, सचार सुविधा, विजुली, तटबन्ध आदी ।
- कब्रिस्थानको वरिपरि पर्खाल तथा घेरवार नभएको ।

**४. प्रशासनिक क्षेत्रका समस्याहरु-:**

- देशको सार्वजनिक निकायमा मुस्लिम समुदायको सहभागिताको कमि।
- राज्यका सम्पूर्ण निकायमा मुस्लिम समुदायको समानुपातिक प्रतिनिधित्व नभएको ।
- मुस्लिम समुदायलाई छुट्टै सकरात्मक विभेद व्यवस्था नभएको ।

**५. सामाजिक क्षेत्रका समस्याहरु**

- मुस्लिम समुदायमा दाइजो तथा बालविबाह, बहुविवाह प्रथा ठूलो समस्याको रुपमा रहेको छ ।
- समानरुपले उच्च शिक्षाको व्यवस्था नभएको ।
- मुस्लिम महिलालाई प्रजनन् अधिकार **(reproductive right)** नभएको ।
- मुस्लिम समुदाय भित्र पुरुष प्रधानबादी सोच कायमै रहेको ।
- अनाधिकृत रुपमा संबन्ध विच्छेद हुने गरेको ।

**६. क्षमता विकास तथा सचेतनामूलक सम्बन्धी समस्याहरुः-**

- मुस्लिम समुदायका अधिकांश मानिसमा बौद्धिक तथा मानसिक क्षमता न्यून रहेको ।
- जनचेतनाको अभावले गर्दा मुस्लिम समुदाय भित्रको लैगिंक हिंसा दाइजो प्रथा लगायतका महिला माथिका हिंसाहरुले प्रशय पाइरहेको छ।
- मुस्लिम समुदायको महिलाको उत्थान र विकासको लागि राज्य एवमं सम्वन्धित निकायबाट विशेष कार्यक्रमको व्यवस्था हाल सम्म नभएको ।
- सामाजिक जागरुकताको लागि सचेतनामुलक कार्यक्रमको अभाव रहेको।
- बैदेशिक रोजगारले गर्दा कतिपय महिलाको वैवाहिक जिवन अस्त व्यस्त रहेको ।

**७. अन्य विविध क्षेत्रका समस्याहरु**

- राज्यको स्रोत, साधन, अवसर र लाभमा मुस्लिम समुदायको न्यायोचित पहुँच नहुनु ।
- पैतृक सम्पतिका नाममा कानून भएतापनि व्यवहारमा नभएको
- राज्य धर्म निरपेक्ष भएतापनि इस्लाम धर्मावलीहरुको धार्मिक विदाहरुलाई कटौति गरी विभेद गरिएको ।
- साँस्कृतिक तथा धार्मिक धरोहरहरुको संरक्षण तथा संवर्द्धनमा ध्यान नदिएको ।
- अधिकांश मुस्लिम नागिरकहरु परम्परागत कृषि पेशामा निर्भर रहेका । व्यवसायिक कृषि प्रणाली तथा उद्यमशील विकासमा सहभागिता न्युन रहेको ।

## ५.२ समस्या समाधानका सुझावहरु

मुस्लिम समुदायको हक हितको संरक्षण सर्वद्धन र शसक्तिकरण एवमं समुदायको उत्थान र विकासका लागि आयोगबाट विभिन्न समयमा विभिन्न स्थानमा गरिएका कार्यक्रमबाट प्राप्त भएका सुझावहरु ।

**१. नीतिगत क्षेत्रका सुझावहरुः-**

- नीति निर्माण तहमा मुस्लिम समुदायको सहभागिता बढाउनु पर्ने।
- मुस्लिम समुदायलाई संविधान प्रदत्त राजनैतिक, आर्थिक र सामाजिक अधिकार प्रदान हुन पर्ने ।
- संविधान संशोधन हुदाँ मुस्लिम समुदायलाई विशेष अधिकार हुनु पर्ने र यस आयोगलाई दश वर्षमा पुनरावलोकन गर्ने शब्द हटाउनु पर्ने।
- मद्रसा शिक्षा लाई आधुनिक तथा वैज्ञानिक बनाउन पठ्यक्रम परिमार्जन गरी कार्यान्वयनमा ल्याइनु पर्ने ।
- वोर्डको नियमावली तयार गरी वोर्ड गठन गर्नु पर्ने ।
- मुस्लिम लैगिङ्क उत्तरदायी वजेट व्यवस्थापन गरिनु पर्ने ।

- राजनीतिक दलहरुमा जनसंख्याको आधारमा मुस्लिम समुदायको प्रतिनिधित्वमा जोड दिनु पर्ने ।
- 

२. **भौतिक पूर्वाधार क्षेत्रका सुझावहरु :**

- प्रदेश नंम्बर २ का हरेक जिल्लामा मुस्लिम मुसाफिर खाना - कमिटी हल_निर्माण गर्न पहल गर्नु पर्ने ।
- केन्द्रिय तथा प्रदेश स्तरको हज गृह निर्माण गर्न आयोगले सम्वन्धित निकायसँग पहल गर्नु पर्ने ।
- आवश्यकता भएको स्थानमा मस्जिद,कब्रिस्थान, ईदगाह आदीको व्यवस्था, संरक्षण र प्रवर्धन सरकारले गर्नु पर्ने ।

३. **प्रशासनिक क्षेत्रका सुझावहरु-:**

- हिमाल, पहाड तराईमा छरिएर बसेका नेपाली मुस्लिमहरुको संख्याको आधारमा राज्यको प्रत्येक तह, क्षेत्र र संरचनामा समानुपातिक प्रतिनिधित्वको व्यवस्था हुनु पर्ने।
- निजामती सेवा, प्रहरी सेना, कुटनीतिक निकाय र अन्य सेवा क्षेत्रमा नेपाली मुस्लिम समुदायलाई जनसंख्याको आधारमा आरक्षणको व्यवस्था गरी प्रतिनिधित्व गराउने व्यवस्था हुनु पर्ने ।

४. **शैक्षिक क्षेत्रका सुझावहरु:-**

- राज्यले सरकारी तथा सामुदायिक विद्यालय सरह मद्रसाको लागि पनि बजेट विनियोजन गर्नु पर्ने ।
- शिक्षाको गुणस्तर, मद्रसाको व्यवस्थापन तथा शैक्षिक अनुशासनको नियमित अनुगमन हुनु पर्ने ।
- मद्रसा शिक्षालाई आधुनिक, व्यवहारिक र वैज्ञानिक वनाई मद्रसा शिक्षालाई राष्ट्रिय मान्यता दिनु पर्ने ।
- इस्लामिक शिक्षा (मद्रसा शिक्षा) लाई व्यवस्थित र बैज्ञानिक बनाउन अधिकार सम्पन्न मद्रसा शिक्षा विकास वोर्ड गठन गर्नुपर्ने ।
- नेपालका विश्वविद्यालयले मद्रसा शिक्षालाई आबद्वता र सम्बन्धन प्रदान गर्नु पर्ने ।
- मद्रसाका शिक्षकहरुको गुणस्तर अभिवृद्धिको लागि नियमित प्रशिक्षणको व्यवस्था गर्नु पर्ने ।
- मद्रसाका शिक्षकहरुको प्रमाणपत्रको इकुभ्यालेन्ट गरी पदस्थापन गर्नुपर्ने ।
- मुस्लिम बाहुल्य प्रदेशहरुमा इस्लामिक कलेज निर्माण गर्ने र अन्य विश्वविद्यालयमा मुस्लिम विद्यार्थिहरुलाई आरक्षणको व्यवस्था मिलाउनु पर्ने ।
- मुस्लिम समुदायलाई दलित सरहको छात्रवृत्ति र अन्य सुविधा उपलब्ध गराउनु पर्ने ।
- अन्य समुदाय सरह मुस्लिमहरुलाई शिक्षामा आरक्षणको व्यवस्था हुनुपर्ने ।
- राज्यको सम्पूर्ण मद्रसालाई सामुदायिक विद्यालय सरह सेवा सुविधा उपलब्ध गराउनु पर्ने ।

- मद्रसाको व्यवस्थापन गर्दा मुस्लिमहरुको धार्मिक सास्कृतिक पहिचान माथि असर नपर्ने गरी व्यवस्थापन गरिनु पर्ने।

**५. क्षमता विकास एवम् सचेतनामूलक सम्बन्धी सुझावहरु-:**

- मुस्लिम युवाहरुलाई सशक्तीकरणका लागि विभिन्न सरकारी निकाय तथा सामाजिक संघ संस्थाहरुसँग समन्वय गरी सीपमूलक तालिम संचालन गर्नु पर्ने।
- स्वरोजगार तथा रोजगारको क्षेत्रमा नेपाल सरकारद्वारा विभिन्न सीपमूलक तालिम र स्वरोजगार संचालन गर्नको लागि आर्थिक सहयोग प्रदान गर्नु पर्ने।
- सरकारी तथा गैरसरकारी संस्थाद्वारा विभिन्न जागरुकताको कार्यक्रमको आयोजना गरी मुस्लिम समुदायलाई जागरुक गराउनु पर्ने।
- बालबालिका, युवा, महिला तथा वृद्धवृद्धाको हक हितको संरक्षणको लागिजनचेतनामूलक कार्यक्रम गर्ने, गराउने।
- नेपाली मुस्लिम महिलाको उत्थानको लागि विशेष कार्यक्रम संचालन गर्ने, गराउने।
- दाइजो तथा बाल विवाह विरुद्ध कानूनी व्यवस्था भएतापनि कार्यान्वयनमा समस्या भएकाले जनचेतनामूलक अभियान चलाउनु पर्ने।
- मुस्लिम समुदायलाई रोजगारमूलक बनाउन प्राविधिक शिक्षा तथा सीपमूलक तालिम संचालन गर्ने गराउने।
- लैङ्गिक हिंसा विरुद्धको जनचेतनामूलक कार्यक्रम संचालन गर्ने, गराउने।

**६ .अन्य विविध क्षेत्रका सुझावहरु**

- राज्य धर्म निरुपेक्ष भएको हुँदा सवै धर्मको समान अधिकार हुन पर्दछ।
- व्यवसायिक कृषि प्रणालीको विकासको लागि सरकारबाट मुस्लिम समुदायलाई विशेष अनुदान र सिचाइ तथा उचित मल, बिउबिजन र बजारको व्यवस्था हुनु पर्ने।
- आयोगलाई सल्लाह, सुझाव तथा सिफारिस गर्ने काममा मात्र सीमित नराखी कार्यकारी अधिकार प्रदान गर्नु पर्ने।
- महान चाड पर्व ईद, बकरईद, मोहम्मद जयन्तीको दिन सार्वजनिक बिदा दिनु पर्ने।
- मुस्लिम समुदायको भाषा, लिपी र पोशाक आदीको संरक्षण हुनु पर्ने।
- भुमिहिन मुस्लिमहरुलाई नेपाल सरकारद्वारा आवास र जमिनको व्यवस्था मिलाउनु पर्ने।
- मस्जिदको जग्गा खरिद विक्री गर्दा मालपोत कार्यालयमा रजिष्ट्रेशन गर्दा स्थानीय तहको सिफारिसमा सरल र सहज तरिका बाट हुनुपर्ने।
- मुस्लिमहरुको संस्कृति, कला र पहिचान झल्कने गरी महोत्सवको आयोजना गर्नुपर्ने।

## ५.३ भावी कार्यदिशा

मुस्लिम समुदायको हक, हितको संरक्षण र सम्वर्द्धन तथा सशक्तीकरणका लागि आगामी तीन वर्ष भित्र तपशिलका कार्यहरु सम्पादन गर्ने गरी आयोगले भावि कार्यदिशा निर्देशित गरेको छः–

- मुस्लिम समुदायको आर्थिक, सामाजिक,शैक्षिक, धार्मिक रसांस्कृतिक अवस्था बारे अध्ययन तथा अनुसन्धान गर्ने,
- मुस्लिम समुदायको हक, हितको संरक्षण र सम्वर्द्धन तथा सशक्तीकरणका लागि आयोगलाई सवल र सक्षम तथा अधिकार सम्पन्नबनाई नेतृत्वदायि भूमिका खेल्ने।
- मुस्लिम समुदायको उत्थान र विकासको लागि समयानुसार निर्देशिका तथा कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याउने।
- आयोगले गरेको काम कारवाहीहरु निशपक्ष, पारदर्शी ढंगबाट समिक्षा र सार्वजनिकरण गर्ने।
- मुस्लिम समुदायको आर्थिक सामाजिक र भौतिक विकास गर्न ३ तहका सरकारलाई उपयुक्त सुझाव तथा सिफारिस गर्ने।
- मुस्लिम समुदायको आर्थिक सामाजिक र सास्कृतिक जिवनस्तरमा अभिवृद्धि ल्याउन सहयोग पुर्याउने।
- मुलुकमा उपलब्ध स्रोत साधनहरुमा र विकासको प्रतिफलमा मुस्लिम समुदायको समानुपातिक पहुँच बढाउने।
- राज्यका तीनै तहमा हुने निर्णय प्रक्रिया तथा यसका प्रशासनिक संरचनामा सकारात्मक विभेदको माध्यमबाट मुस्लिम समुदायको सहभागिता सुनिश्चित गर्ने।
- मुस्लिम समुदायको क्षमता विकास लागि सीप विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरी मुलुकमा उपलब्ध रोजगारी अवसर उपयोग गर्न सक्ने सक्षम जनशक्तिको विकास गर्ने।
- मुस्लिम समुदायको हक, हितको संरक्षण र सम्वर्द्धन तथा सशक्तीकरण गरी समुदाय भित्र लैगिङ्ग समानता कायम गर्न सहयोगीको भूमिका खेल्ने।
- मुस्लिम समुदाय भित्रको गरिवी न्यूनिकरण गर्नसहयोग पूर्याउने।
- सुखी, र गुणस्तरीय जीवन भएका मुस्लिम जनताको विकास गर्ने कार्यमा आयोगको भूमिका शसक्त हुने।

## ५.४ निष्कर्ष

नेपालमा मुस्लिम समुदाय पिछडिएका अवस्थामा रहेका छन।मुस्लिम समुदायका अधिकांश जनता गरिबीको रेखामुनी रहेको पाईन्छ। अन्य समुदायहरुको तुलनामा मुस्लिम समुदाय अशिक्षित र बेरोजगार रहेका छन । केही शैक्षिक छात्रवृत्तिका कोटामा बाहेक सार्वजनिक सेवाका क्षेत्रमा मुस्लिम समुदायका ब्यक्तिका लागि छुट्टै कोटा आरक्षण भएको छैन । नेपालमा मुस्लिमहरुको बसोबास पहाडी र हिमाली जिल्लामा समेत रहेको हुँदा मुस्लिमलाई मधेशीक्लस्टरभित्र

मात्र राखिएकोले मुस्लिमको पहिचान गुमेकोछ जुन न्यायोचित छैन।मुस्लिम समुदायको लागि हजहाउसको प्रवन्ध नहुनु, हज सम्बन्धी स्थायी संयन्त्र नहुनु, सयौं बर्ष पुराना मद्रसाहरु उपेक्षित रहनु, मद्रसा शैक्षिक पाठयक्रम र शैक्षिक उपाधिहरुको समकक्षता र मान्यता नपाउनु जस्ता विद्यमानसमस्याहरु  रहेका छन् । यस्ता समस्याहरुको नीतिगत रुपमा संबोधन गरी सम्वन्धित निकायलाई कार्यान्वयन गर्न गराउन आयोगले विशेष पहल गर्नेछ ।

अत: परम्परागत शैक्षिक ब्यवस्थाको रुपमा रहेको मद्रसा शिक्षालाई सुदृढ र संस्थागतगर्न आजको आवश्यकता रहको देखिन्छ।धार्मिक रजनसांख्यिक हिसाबले अल्पसंख्यक रहेको मुस्लिमको सामाजिक समावेशीकरणका हुन जरुरी छ। मद्रसा शिक्षालाई राष्ट्रिय मापदण्ड अनुसार र औपचारिक शिक्षाको समकक्षता र पद्धतिमा ल्याउन ठोस कार्यक्रमहरुको आवश्यकता र मुस्लिम समुदायका धार्मिक तथा सांस्कृतिक महत्व राख्ने मस्जिद, मद्रसा, ईदगाह, मजार, कर्वला, कव्रस्थानहरुको अभिलेख, जग्गाको भोगाधिकार र स्वामित्व स्थापित गर्नु अत्यावश्यक रहेको छ ।यसैले मुस्लिम समुदायको उत्थान र विकासको लागि राज्य संयन्त्रका बिभिन्न निकायबाट सञ्चालित लक्षित कार्यक्रमहरुको पहुँच मुस्लिम समुदायका बिपन्न नागरिकसम्म पुर्याउन पर्ने हुन्छ ।राज्यले परिकल्पना गरेको समृद्ध नेपाल, सुखी नेपाली तथा दिगो विकासको लक्ष्य प्राप्ती गर्न मुस्लिम समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक तथा गुणस्तरीय मानव विकासवाट मात्र सम्भव भएकोले यस आयोगले तीन तहका सरकार तथा अन्य संवैधानिक आयोग सँग समन्वय तथा सहकार्य गर्न नेतृत्वदायी भूमिका खेल्नु पर्दछ ।

अनुसूचि - १

# मुस्लिम आयोगको आचारसंहिता, २०७६

प्रस्तावना : मुस्लिम आयोगले आफ्नो काम, कर्तव्य तथा अधिकार पालना गर्न, आयोगका काम कारवाहीलाई प्रभावकारी र विश्वासनीय बनाई स्वतन्त्र, निष्पक्ष एंव वस्तुनिष्ठ र पारदर्शी बनाउदै आयोगका सदस्य एवम् कर्मचारीहरुको सार्वजनिक सदाचार, पदीय मर्यादा तथा पेशागत आचरण र सुशासन कायम गर्न मुस्लिम आयोग ऐन, २०७४ को दफा ७ (थ) बमोजिम यो आचारसंहिता बनाई जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ

१.१ यो आचारसंहिताको नाम **"मुस्लिम आयोगको आचारसंहिता, २०७६"**रहेको छ।

१.२ यो आचारसंहिता २०७६ श्रावण १ गते देखि लागु हुनेछ।

**२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,**

२.१ "आयोग" भन्नाले मुस्लिम आयोगलाई सम्झनु पर्छ।

२.२ "अध्यक्ष" भन्नाले मुस्लिम आयोगका अध्यक्षलाई सम्झनु पर्छ। सो शब्दले कार्यबाहक अध्यक्षलाई समेत जनाउँछ।

२.२ "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्षलाई समेत जनाउँछ।

२.३ "कर्मचारी" भन्नाले आयोगमा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ र सो शब्दले आयोगको काममा खटिएका विशेषज्ञ, समिति वा कार्यदलका सदस्य वा आयोगको काममा संलग्न अन्य निकायका कर्मचारी वा व्यक्तिलाई समेत जनाउँदछ।

२.४ "परिवार" भन्नाले आयोगका सदस्य र कर्मचारीसँग बस्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष र अविवाहिता महिला कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा विवाहिता महिला कर्मचारीको हकमा निजको सासू, ससुरालाई समेत जनाउनेछ।

**३. आचारसंहिता लागु हुने :**

क) आयोगका सदस्यख) आयोगका कर्मचारी

**४. पदीय मर्यादा र आचरण :**

४.१ आयोगका सदस्यले देहाय बमोजिमको पदीय मर्यादा तथा आचरण पालना गर्नु पर्नेछ–

(क) मुस्लिम समुदायको हक, हितको संरक्षण र सम्वर्द्धन गर्न तथा मुस्लिम समुदायको सशक्तिकरणको लागि स्वतन्त्र, निष्पक्ष र इमान्दारीपूर्वक आफ्नो पदीय दायित्व निर्वाह गर्ने,

(ख) विभिन्न जातजाति, समुदाय तथा सम्प्रदाय बीचको सम्बन्धमा खलल पर्ने कुनै काम नगर्ने,

४.२ आयोगका सदस्य एवम् कर्मचारीले कार्य सम्पादन गर्दा स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधिनता, स्वाभिमानमा प्रतिकुल असर नपर्ने गरी नेपालीको हकहितको रक्षाका साथै नेपालको आर्थिक, सामाजिक समुन्नति र समृद्धि हुने गरी स्वतन्त्र, निष्पक्ष र इमान्दारीपूर्वक आफ्नो पदीय दायित्व निर्वाह गर्नु पर्नेछ।

४.३ आयोगका सदस्य एवम् कर्मचारीले मुस्लिम समुदायको इतिहास र संस्कृतिका पहिचान, हक अधिकारको संरक्षण र सम्बर्द्धन तथा सो समुदायको सशक्तिकरणको लागि स्वतन्त्र, निष्पक्ष र इमान्दारीतापूर्वक आफ्नो पदीय दायित्व निर्वाह गर्नु पर्नेछ ।

४.४ आयोगका सदस्य एवम् कर्मचारी आयोगको संस्थागत एवं कार्यगत स्वतन्त्रता र निष्पक्षता अभिवृद्धि गर्न हरसम्भव प्रयत्नशील रहनु पर्नेछ ।

४.५ आयोगका सदस्य एवम् कर्मचारीले आयोगको कार्यसम्पादन गर्दा वा पदीय कर्तव्य तथा दायित्व निर्वाह गर्दा वाह्य वा आन्तरिक कुनै पनि क्षेत्रबाट कुनै पनि कारणले प्रत्यक्ष वा परोक्षरुपमा आउने प्रभाव, प्रलोभन, दवाव, भनसुन, धम्की, आग्रह, पुर्वाग्रह आदिबाट प्रेरित वा प्रभावित नभई कानूनको निष्पक्ष र स्वच्छ रुपले कार्यान्वयन गर्नु पर्नेछ ।

४.६ आयोगका सदस्य एवम् कर्मचारीले नागरिकको व्यक्तिगत स्वतन्त्रता, अधिकार र विशेष अधिकारको सम्मान र संरक्षण हुने गरी सेवाग्राहीहरु प्रति र एक–आपसमा सम्मानजनक र मानवीय व्यवहार गर्नु पर्नेछ ।

४.७ आयोगका सदस्य एवम् कर्मचारीले आयोगको काम कारवाहीमा असर पर्ने गरी वा आयोगको स्वतन्त्रता, निष्पक्षता वा विश्वासनीयतामा आँच पुग्ने गरी कुनै प्रकारको टिकाटिप्पणी वा आलोचना वा सार्वजनिक वा अन्य कुनै अभिव्यक्ति दिनु हुदैन ।

४.८ आयोग प्रति जनविश्वास अभिवृद्धि गर्न आयोगका सदस्य एवम् कर्मचारीहरुले आफ्नो व्यवसायिक तथा निजी जीवनमा उच्चस्तरको आचरण प्रदर्शन गरी समाजमा उदाहरणीय रुपमा प्रस्तुत हुने प्रयास गर्नु पर्नेछ ।

**५. स्वार्थ बाझिएमा निर्णय प्रकृयामा सहभागी हुन नहुने :**

५.१ आयोगमा विचाराधिन कुनै विषयमा आयोगका सदस्यको हित, सरोकार वा स्वार्थ रहेको वा निजको परिवार प्रत्यक्ष प्रभावित हुने भएमा त्यस्तो सदस्यले आयोगमा पुर्व जानकारी गराउनु पर्छ र निर्णय प्रकृयामा सहभागी हुन ।

५.२ आयोगका कर्मचारीको कार्यालयसँग सम्बन्धित कुनै कामका व्यक्तिगत हित, सरोकार वा स्वार्थ रहेको वा निजको परिवार प्रत्यक्ष प्रभावित हुने भएमा त्यस्तो कर्मचारीले सो कुराको जानकारी आफूभन्दा माथिल्लो श्रेणीको अधिकृतलाई गराई त्यस्तो कार्यमा संलग्न हुन ।

**६ सदाचार र अनुशासन सम्बन्धी आचरणहरु :**

६.१ आयोगका सदस्य एवम् कर्मचारीले देहायका कार्य गर्नु पर्दछ :

६.१.१ आयोगको उद्देश्य, नीति, कार्यक्रम, मूल्य मान्यता प्रति सदा समर्पित भइरहने।

६.१.२ सरकारी कोष, सरकारी वा सार्वजनिक सम्पतिको हिनामिना, वेवास्ता र दुरुपयोग हुन नदिने।

६.१.३ आफुले सार्वजनिक संस्थालाई तिर्नुपर्ने फर्छयौट गर्नुपर्ने वा बुझाउनु पर्ने रकम, कर, दस्तुर, दण्ड जरिवाना वा महशुल कानून बमोजिम समयमै बुझाउने।

६.१.४ पोशाक भत्ता लिने राष्ट्र सेवकले तोकिए बमोजिमको पोशाक लगाउने।

६.१.५ आयोगको कर्मचारीले निजामति कर्मचारीका लागि व्यवस्था भएका कानून बमोजिम तोकिएका आचरण नियमहरु तथा पेशागत मापदण्ड, नैतिकता तथा आचरणको समेत पालना गर्ने।

६.१.६ आयोगका एकै सदस्य वा कर्मचारीलाई एक महिनामा एउटै जिल्लामा ४ दिन वा एक महिनामा नेपाल राज्यभर पटक–पटक गरि ७ दिन भन्दा बढी काज खटाइने छैन तर फरक–फरक सदस्य र कर्मचारीलाई खटाउन सकिने छ।

६.१.७ बुँदा नं. ६.१.६ मा जुनसुकै कुरा लेखिएको भएता पनि दैवी प्रकोपको समयमा वा विशेष परिस्थितीमा आयोगले निर्णय गरी आवश्यकता अनुसार दैनिक भ्रमण भत्ता पाउने गरी काज खटाउन वाधा पर्ने छैन।

६.१.८ मादक पदार्थ एवम् धुम्रपान मध्यपान गरी कार्यालय परिसरमा उपस्थित नहुने।

६.२ आयोगका सदस्य एवम् कर्मचारीले देहायका कार्य गर्न हुँदैन :

६.२.१. आयोगका सदस्य एवम् कर्मचारीले विभिन्न जातजाती, समुदाय तथा सम्प्रदाय विचको सम्बन्धमा खलल पर्ने कुनै काम गर्न।

६.२.२ आयोगको सहमति विना आयोगको तर्फबाट कुनै प्रकारको अनाधिकृत प्रतिवद्धता वा प्रतिज्ञा गर्न।

६.२.३ कर्तव्य पालनाको सिलसिलामा जानकारीमा आएका कानून बमोजिम गोप्य राख्नु पर्ने विषय वा कागजात वा व्यहोरा प्रत्यक्ष वा परोक्ष रुपबाट प्रकाशन गर्न वा प्रकट गर्न।

६.२.४ आफू र आफ्नो आफन्त वा आफ्नो परिवारसँग सम्बन्धित कुनै काम गर्न वा गराउन वा नगराउन आफु कार्यरत वा अन्य निकायका पदाधिकारी वा व्यक्तिलाई दवाव दिन वा अनुचित प्रभाव पार्न।

६.३ उपहार तथा कोसेली ग्रहण गर्न नहुने।

६.३.१ आयोगका सदस्य एवम् कर्मचारीले आयोगबाट सम्पादन हुने कार्यसँग सम्बन्धित व्यक्ति वा संस्थाबाट कुनै दान, दातव्य, ऋण, आर्थिक वा भौतिक लाभ, उपहार वा कोसेली ग्रहण वा स्वीकार गर्न नहुने तर विशुद्ध पारिवारिक सम्बन्धको आधारमा प्रदान गरिएको दान, दातव्य, ऋण, उपहार वा कोसेली लिन वाधा पर्ने छैन।

६.३.२ आयोगका सदस्यले कर्मचारीबाट र माथिल्लो कर्मचारीले आफु मातहतका निकाय वा अन्तरगत निकायका कर्मचारीबाट कुनै किसिमको उपहार तथा कोसेली ग्रहण गर्न।

६.४ गैर सरकारी संघ/संस्थाको पदाधिकारी हुन तथा अन्यत्रको रोजगारी स्वीकार गर्न नहुने ः

६.४.१ आयोगका सदस्य एवम् कर्मचारीले दफा ७.२ मा उल्लेख भएकोमा वाहेक अन्य कुनै गैर सरकारी संघ, संस्थाको पदाधिकारी हुन वा त्यस्तो संस्थाका अनुचित वा गैर कानूनी क्रियाकलापमा संलग्न हुन।

६.४.२ आयोगका सदस्य एवम् कर्मचारीले प्रचलित कानून बमोजिम वाहेक वाह्य रोजगारी स्वीकार तथा ग्रिनकार्ड, डिभी वा पि.आर. भर्न वा लिन।

६.४.३ आयोगका सदस्य एवम् कर्मचारीले कुनै राजनैतिक दल वा त्यस्तो दलसित आवद्ध कुनै संघ, संस्थाको सदस्यता ग्रहण गर्न।

६.५ पदको दुरुपयोग गर्न नहुने।

६.५.१ आयोगको सदस्य एवम् कर्मचारीहले आफ्नो ओहोदा एवं अख्तियारी आफु वा आफ्नो परिवार वा कसैको अनुचित लाभ पुग्ने गरी प्रयोग गर्न।

६.५.२ आयोगका सदस्य एवम् कर्मचारीले आयोगको सम्पति वा सुविधा कार्यालय प्रयोजनको लागि वा आफ्नो पदीय हैसियतलाई सुहाउदो किसिमले बाहेक अन्य व्यक्तिगत काममा दुरुपयोग गर्न ।

**७ आयोगका सदस्य एवम् कर्मचारीले देहायका कार्य गर्नुहुन्छ :**

७.१ आयोगको काम कारवाहीमा प्रतिकुल प्रभाव नपर्ने गरी आफुले विशेषज्ञता हासिल गरेको विषयमा लिखित वा मौखिक परामर्श, प्रवचन दिन वा अध्ययन, अनुसन्धान, लेखन गर्न सकिन्छ।

७.२ साहित्य, कला, संस्कृति, खेलकुद, ज्ञान, विज्ञान, प्रविधि, मनोरञ्जन सम्बन्धी र पेशागत तथा सामाजिक संस्थाहरुमा सदस्य हुन र त्यस्ता मञ्चहरुमा सहभागी हुन सकिने छ।

७.३ आयोगले गोप्य राख्नु पर्ने विषयहरु बाहेक आयोगको उद्देश्य, नीति तथा कार्यक्रमका सम्बन्धमा प्रतिकुल असर नपर्ने गरी लेख, रचना प्रकाशन गर्न सकिने छ।

७.४ नेपाल सरकार, कानून बमोजिम स्थापित बैकिङ्ग एवं वित्तीय संस्था तथा सार्वजनिक कम्पनीहरुले सार्वजनिक रुपमा जारी गरेको ऋणपत्र, बचतपत्र, सेयर खरिद विक्री तथा लाभाशं लिन सकिने छ।

७.५ सबैको लागि खुल्ला गरिएको प्रतिस्पर्धामा सहभागी भै पुरस्कार, पदक, प्रमाणपत्र एवं सम्मान ग्रहण गर्न सकिने छ।

७.६ नेपाल सरकार वा वैदेशिक संस्था वा कुनै सार्वजनिक संस्थाले आयोजना गरेको कार्यक्रम, समारोह, भोज भतेर वा रिसेप्सनमा सहभागी हुन सकिने छ।

**८. आचार संहिताको अनुगमन :**

८.१ यो आचारसंहिताको पालना सम्बन्धी अनुगमन देहाय बमोजिम पदाधिकारीबाट गरिने छ ः

क) आयोगको अध्यक्षको हकमा आयोगबाट।

ख) आयोगको सदस्य तथा सचिवको वा सो सरहको कर्मचारीको हकमा अध्यक्ष वा अध्यक्षले तोकेको सदस्यबाट।

ग) अन्य कर्मचारीको हकमा आयोगका सचिव वा निजले तोकेको अधिकृतबाट।

**९. विविध**

९.१ यो आचारसंहिताको उलङ्घन गरेमा सम्बन्धित एवंम प्रचलित कानून अनुसार कारवाही हुनेछ।

९.२ यो आचारसंहिताको पालना सम्बन्धी विषयमा द्विविधा उत्पन्न भएमा कर्मचारीहरुले आयोगका सचिव समक्ष र सचिव तथा सदस्यहरुले आयोग समक्ष परामर्श गरी निकासा भए बमोजिम गर्नु पर्दछ।

९.२ यस आचारसंहिता पालना गर्ने गराउने सम्बन्धमा कुनै विशेष परिस्थिती आइपरेमा वा कुनै वाधा अड्चन परेमा आयोगले तत् सम्बन्धमा आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

९.३ आयोगले आवश्यकता अनुसार यस आचारसंहितामा संशोधन गर्न सक्नेछ।

## अनुसूचि -२

# मध्यकालीन खर्च संरचना

**(आर्थिक वर्ष २०७६/७७-२०७८/७९)**

**मन्त्रालय/आयोगः मुस्लिम आयोग**

### १. पृष्ठभूमिः

मुस्लिम समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र सम्वर्द्धन तथा सशक्तीकरणका लागि नेपालको संविधान२०७२ को भाग २७ को धारा २६४ मा सवैधानिक आयोगको रुपमा मुस्लिम आयोगको व्यवस्था भएको र मुस्लिम आयोग ऐन, २०७४ अनुसार मुस्लिम आयोग गठन भई संचालनमा रहेको छ।

यस आयोगको मुख्य कार्य मुस्लिम समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा सशक्तीकरणका लागि नेपाल सरकारलाई नीतिगत, कानूनी तथा संस्थागत सुझाव दिने, आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने, मुस्लिम समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम संचालन गर्नु रहेको छ।

मुस्लिम समुदाय नेपालको सन्दर्भमा मानव विकास सूचकाङ्कको दृष्टिकोणले सवभन्दा दयनीयअवस्थामा रहेको छ। सो समुदाय तथा व्यक्तिहरूको उत्थान एवम् विकासका लागि सीप विकास तालिम, छात्रवृत्ति, कर्जा ररोजगारमूलक लक्षित कार्यक्रम, शिक्षा तथा सार्वजनिक क्षेत्रको रोजगारीमा आरक्षण, मातृभाषाको संरक्षण र संवर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन गर्नु अत्यावश्यक रहेको छ । अतः यस समुदायको सामाजिक, आर्थिक एवम् साँस्कृतिक विकासका लागि रणनैतिक कार्ययोजना बनाई प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वयन गर्नु पर्ने देखिन्छ।

### २. समस्या तथा चुनौती

**समस्या**

- विभिन्न वर्ग र क्षेत्रका समुदाय र मुस्लिम समुदाय वीच सामाजिक क्षेत्रमा ठुलो अन्तर रहनु।
- राज्यको स्रोत, साधन, अवसर र लाभमा मुस्लिम समुदायको न्यायोचित पहुँच नहुनु।
- राजनीतिक र प्रशासनिक संरचनामा मुस्लिम समुदायको उचित प्रतिनिधित्व नहुनु।
- मुस्लिम समुदायका अधिकांश जनता गरिवीको रेखामुनी रहेकाले आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्रमा पछाडि पर्नु।

**चुनौति**

- विभिन्न वर्ग र क्षेत्रका समुदाय र मुस्लिम समुदाय वीच आर्थिक, सामाजिक तथा शैक्षिक क्षेत्रलाई समान स्तरमा पुर्याउनु।
- राज्यको स्रोत, साधन, अवसर र लाभमा मुस्लिम समुदायको न्यायोचित पहुँच स्थापित गर्न।

- मुस्लिम समुदाय भित्रको नकरात्मक सामाजिक मूल्य मान्यता र लैङ्गिक हिसांको अन्त्य गर्न ।

## ३. सोच

- सुखी, समृद्ध र गुणस्तरीय जीवन भएका मुस्लिम जनताको विकास गर्ने ।

## ४. उद्देश्य

- मुस्लिम समुदायको हक, हितको संरक्षण र सम्वर्द्धन तथा सशक्तीकरण गर्ने ।
- मुस्लिम समुदायको आर्थिक, सामाजिक र भौतिक विकास गर्ने ।
- मद्रशा शिक्षाको गुणस्तरीयता एवंम संरक्षण र सम्वर्द्धन गर्ने ।
- लैङ्गिक विभेद तथा हिंसाको अन्त्य गर्नु ।

## ५. रणनीति

- मुलुकमा उपलब्ध स्रोत साधनहरुमा मुस्लिम समुदायको समानुपातिक पहुँच बढाउने ।
- मुस्लिम समुदायको हक, हितको संरक्षण र सम्वर्द्धन तथा सशक्तीकरण गर्ने।
- राज्यका तीनै तहमा हुने निर्णय प्रक्रिया तथा यसका प्रशासनिक संरचनामा सकारात्मक विभेद र आरक्षणको माध्यमबाट मुस्लिम समुदायको सहभागिता सुनिश्चित गर्ने ।
- मुस्लिम समुदायको क्षमता विकास लागि सीप विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरी मुलुकमा उपलब्ध रोजगारी अवसर उपयोग गर्न सक्ने सक्षम जनशक्तिको विकास गर्ने।
- मुस्लिम समुदायको मातृभाषा एवंम मद्रशा शिक्षा र संस्कृतिको संरक्षण एवंम संम्बर्द्धन गर्ने ।

## ६० विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

आ०ब०२०७५/७६ को अनुमानित उपलब्धि

- उपलब्ध स्रोत साधनहरुमा मुस्लिम समुदायको पहुँच बढेको हुनेछ ।
- मुस्लिम समुदायको हक, हितको संरक्षण र सम्वर्द्धन तथा सशक्तीकरणको विकास भएको हुनेछ ।
- राज्यका तीनै तहमा हुने निर्णय प्रक्रिया तथा प्रशासनिक संरचनामा सकारात्मक विभेद र आरक्षणको माध्यमबाट मुस्लिम समुदायको अर्थपूर्ण सहभागिता भएको हुने ।
- मुस्लिम समुदायको मातृभाषा एवंम मद्रशा शिक्षा र संस्कृतिको संरक्षण एवंम संम्बर्द्धन भएको हुनेछ ।

**मध्यकालिन लक्ष्य**

२०७६/ ७७

- मुस्लिम समुदायको हक, हितको संरक्षण र सम्वर्द्धन तथा सशक्तीकरण गरी समुदाय भित्र लैगिङ्ग समानता कायम गर्ने।
- मुस्लिम समुदायको आर्थिक सामाजिक र भौतिक विकास गर्ने।

२०७७/ ७८

- मुस्लिम समुदायको सशक्तीकरण र समानुपातिक विकास गर्ने।
- मुस्लिम समुदायको आर्थिक सामाजिक र सास्कृतिक जिवनस्तरमा अभिवृद्धि ल्याउने।

२०७८/७९

- मुस्लिम समुदाय भित्रको गरिवी न्यूनिकरण गर्ने।
- सुखी, र गुणस्तरीय जीवन भएका मुस्लिम जनताको विकास गर्ने।

अनुसूचि ३

अन्तक्रिया कार्यक्रमको प्रतिवेदन

# मुस्लिम समुदायको हक हितको संरक्षण, सम्वर्द्धन तथा सशक्तीकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम

## कार्यक्रम प्रतिवेदन

आयोजक

मुस्लिम आयोग

जावलाखेल, ललितपुर

२०७६, बैशाख

## १. पृष्ठभूमि:

मुस्लिम समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र सम्वर्द्धन तथा सशक्तिकरणका लागि नेपालको संविधान२०७२ को भाग २७ को धारा २६४ र मुस्लिम आयोग ऐन २०७४ बमोजिम संवैधानिक आयोगको रुपमा मुस्लिम आयोग गठन भई संचालनमा रहेको छ।

यस आयोगको मुख्य कार्य मुस्लिम समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा सशक्तिकरणका लागि नेपाल सरकारलाई नीतिगत, कानूनी तथा संस्थागत सुझाव दिने, आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने, मुस्लिम समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तिकरणको लागि चेतनामूलक एवम् सीपमूलक कार्यक्रम संचालन गर्नु रहेको छ।

यसै सन्दर्भमा प्रदेश र केन्द्रमा मुस्लिम समुदायको हक हितको संरक्षण, सम्वर्द्धन तथा सशक्तिकरण सम्बन्धि अन्तरक्रिया कार्यक्रम गर्न आयोगको २०७५।१२।२४ गते भएको निर्णयानुसार दुई वटा प्रदेश र एक केन्द्रमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। अत: यस प्रतिवेदनमा कार्यक्रम संचालनका क्रममा पाइएका यथार्थताहरु र छलफल तथा अन्तरक्रियामा उठेका मुख्य मुख्य सवाल र सुझावहरुलाई समेटी यो प्रतिवेदन तयार गरिएको छ।

## २. कार्यक्रमको उद्देश्य:

मुस्लिम समुदायको हक हितको संरक्षणसम्वर्द्धन तथा सशक्तिकरण र मुस्लिम समुदायको आर्थिक, सामाजिक र भौतिक विकास एवम् मद्रशा शिक्षाको गुणस्तरीयता र शैक्षिक मान्यताको विषयमा नेपाल सरकारलाई नीतिगत, कानूनी तथा संस्थागत सुझाव दिनु यस कार्यक्रमको उद्देश्य रहेको छ।

## ३. कार्यक्रममा सहभागी कर्मचारीहरु:

केन्द्र र प्रदेशस्तरमा संचालन भएको मुस्लिम समुदायको हक हितको संरक्षण ,सम्वर्द्धन तथा सशक्तिकरण सम्बन्धि अन्तरक्रिया कार्यक्रममा आयोगको तर्फबाट आयोगका माननीय अध्यक्ष लगायत देहायका कर्मचारीहरुको सहभागिता रहेको थियो।

- अध्यक्ष, माननीय समिम मिँया अन्सारी, मुस्लिम आयोग।
- सचिव, श्रीमान शम्भु बहादुर खड्का, मुस्लिम आयोग।
- उप सचिव, श्री जमुना मिश्र, मुस्लिम आयोग।
- उप सचिव, श्री अनिल खनाल, मुस्लिम आयोग।
- शाखा अधिकृत, श्री पुण्यमाया गुरागाई, मुस्लिम आयोग।
- लेखापाल, श्री सिद्धान्त दहाल, लगायत आयोगका सहयोगी कर्मचारीहरु।

## ४० कार्यक्रम संचालनको कार्यतालिका:

यस आयोगबाट संचालन भएका केन्द्र र प्रदेशस्तरका कार्यक्रमहरुको कार्यतालिका यस प्रकार रहेको छ।

| क्र० सं० | सम्पन्न कार्यक्रमको नाम | कार्यक्रम सम्पन्न भएको मिति | कार्यक्रम भएको स्थान | कार्यक्रमको विवरण |
|---|---|---|---|---|
| १. | मुस्लिम समुदायको हक हितको संरक्षण, सम्वर्द्धन तथा सशक्तिकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम | २०७५।०१।०९ | गोर्खा डिपाटमेन्ट स्टोरको हल, इटहरी ,प्रदेश नं. १ सुनसरी। | पहिलो सत्र: औपचारिक कार्यक्रम<br>दोस्रो सत्र: सामुहिक छलफल र अन्तरक्रिया |
| २. | मुस्लिम समुदायको हक हितको संरक्षण, सम्वर्द्धन तथा सशक्तिकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम | २०७५।०१।१० | होटल राजदरबार एण्ड नवरंग रिर्सोट , मुजेलिया , जनकपुर, प्रदेश नं. १ | पहिलो सत्र: औपचारिक कार्यक्रम<br>दोस्रो सत्र: सामुहिक छलफल र अन्तरक्रिया |
| ३. | मुस्लिम समुदायको हक हितको संरक्षण, सम्वर्द्धन तथा सशक्तिकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम | २०७५।०१।२१ | होटल एलो प्यागोडा, जमल , काठमाडौ। | पहिलो सत्र: औपचारिक कार्यक्रम<br>दोस्रो सत्र: सामुहिक छलफल र अन्तरक्रिया |

## ५० कार्यक्रममा सुझाव संकलन विधि:

यस कार्यक्रममा छलफल तथा अन्तरक्रियाको माध्यमबाट सुझाव संकलन गरिएको थियो । सुझाव संकलनमा सहभागीहरुलाई ५ वटा समुहमा विभाजन गरीप्रत्येक समुहलाई छुट्टाछुट्टै शिर्षकमा सामुहिक छलफल गराई सहभागीहरुको तर्फबाट प्रस्तुतिकरण गर्न लगाइएको थियो।छलफल तथा अन्तरक्रियाका शिर्षकहरु यस प्रकार रहेका थिए।

- मुस्लिम समुदायको हकहितको संरक्षण ,सम्बर्द्धन तथा सशक्तिकरण
- मुस्लिम समुदायको आर्थिक, सामाजिक र भौतिक विकास
- शिक्षाको गुणस्तरीयता तथा शैक्षिक मान्यता

- मुस्लिम समुदाय भित्रको लैगिङ्ग हिंसा र असमानता
- मुस्लिम आयोगलाई सबल र सक्षम तथा गतिशिल बनाउने विषय

## ६. कार्यक्रमका सहभागीहरु:

यस आयोगबाट संचालन भएका केन्द्र र प्रदेशस्तरका कार्यक्रमहरुमा देहायका महानुभाव र कार्यलयएवम् संघ संस्थाहरुका प्रमुख एवम् प्रतिनिधिहरुको सहभागिता रहेको थियो।

- नेपाल सरकारका प्रधानमन्त्री एवम् मन्त्री ज्यूहरु
- सवैधानिक निकायका प्रमुख एवम् प्रतिनिधि ज्यूहरु
- प्रदेश सरकारका मुख्यमन्त्री एवम् मन्त्रीज्यूहरु
- प्रतिनिधि सभा /राष्ट्रिय सभाका सदस्यज्यूहरु
- नेपाल सरकारका मुख्य सचिव एवम् सचिवज्यूहरु
- प्रदेश सरकार, प्रदेश सभाका सदस्यज्यूहरु
- महानगरपालिका/ उपमहानगरपालिका/ नगरपालिका र गाउँपालिका प्रमुख एवम् उपप्रमुखज्यूहरु
- प्रदेश एवम् जिल्लास्तरका सुरक्षा निकायका प्रमुखहरु
- राजनैतिक दलका केन्द्रिय सदस्य एवम् प्रतिनिधिहरु
- नगरपालिका एवम् गाउँपालिकाका वडाअध्यक्षहरु
- सरकारी एवम् गैर सरकारी कार्यालयका प्रमुख एवम् कर्मचारीहरु
- मुस्लिम समुदायका संघ संस्थाका प्रमुख एवम् प्रतिनिधिहरु
- मुस्लिम समुदायका विज्ञ एवम् नागरिक समाजका प्रतिनिधिहरु
- संचार मिडिया एवम् पत्रकारहरु

## ७.१ प्रदेश नम्बर १ को अन्तरक्रिया कार्यक्रममा उठेका मुख्य मुख्य विषयवस्तुहरु:

### प्रदेश नम्बर १ को अन्तरक्रिया कार्यक्रममा उठेका विषयबस्तुहरु:

| क्र. सं. | विषयवस्तु | विद्यमान अवस्थासमस्याहरु/ | समस्या समाधानका उपायहरु | सुझावहरु(भावि कार्यदिशा) |
|---|---|---|---|---|
| १. | मुस्लिम समुदायको हक हितको संरक्षण, सम्बर्द्धन तथा सशक्तीकरण | • मुस्लिमहरुको शैक्षिक आर्थिक र सामाजिक अवस्था ज्यादै कमजोर रहेको छ<br>• स्वदेशमा रोजगारको अवसर नपाउदा विदेशका खाडी मुलुकहरुमा ५० डिग्रीको तापक्रममा रोजगारको लागि पलायन भएको अवस्था छ।<br>• मुस्लिम युवाहरुको अत्याधिक मात्रामा बैदेशिक रोजगार पलायन हुँदा सामाजिक विकृती वढेको।<br>• मुस्लिम समुदायमा दाइजो तथा बालविबाह प्रथा ठूलो समस्याको रुपमा रहेको छ।<br>• संवैधानिक समानताको अधिकार नभएका।<br>• सम्पूर्ण निकायमा समानुपातिक प्रतिनिधित्व नभएको।<br>• उर्दुभाषिक स्कूल मद्रसा लाई राष्ट्रिय शैक्षिक क्षेत्र भन्दा बाहिर राखेको।<br>• समुदायमा आधारित मद्रसाहरु स्थानीय | • मुस्लिम समुदायको शैक्षिक अवस्थामा सुधार गर्ने, आर्थिक क्रान्ति ल्याउनको लागि स्वदेशमा रोजगार व्यवस्था मिलाउने , किसानलाई उन्नत जातको मल तथा बिउ सुलभ तरिकाबाट उपलब्ध गराउने, कृषि आधुनिकिकरणको व्यवस्था गरी सामाजिक क्षेत्रमा जनचेतनामूलक र सीपमूलक कार्यक्रमको आयोजना गर्ने।<br>• स्वदेशमा रोजगारको व्यवस्था मिलाउन राज्यको सम्पूण अंङ्गमा समानुपातिक समावेशी पहुँचको संवैधानिक व्यवस्था मिलाउनु पर्ने।<br>• दाइजो तथा बाल विवाह सम्बन्धी कानूनी व्यवस्था भएतापनि कार्यान्वयनमा समस्या भएकाले जनचेतनामूलक अभियान चलाउनु पर्ने। | • |

| | | | | |
|---|---|---|---|---|
| | | समिति तथा जनसहभागिताबाट संचालन भईरहेको ।<br>● मुस्लिम समुदायको जीउधनको सुरक्षामा राज्यको तर्फबाट उदासिनता रहेको। | ● उर्दुभाषिक मद्रसालाई राष्ट्रिय शिक्षा नीति अन्तरगत राख्नु पर्ने।<br>● मद्रसाबाट उच्च शिक्षा हासिल गरी प्राप्त गरेको सर्टिफिकेटलाई राष्ट्रिय मान्यता दिनु पर्ने<br>● राष्ट्रिय मद्रसा वोर्डको गठन गर्नु पर्ने<br>● राज्यको सम्पूर्ण मद्रसालाई सामुदायिक विद्यालय सरह सेवा सुविधा उपलब्ध गराउनु पर्ने । | |
| २. | मुस्लिम समुदायको आर्थिक सामाजिक र भौतिक विकास | ● **आर्थिक समस्या:**<br>▪ मुस्लिमहरुको अवस्था दयनिय रहेको<br>▪ बैदेशिक रोजगार जानु पर्ने बाध्यता रहेको<br>▪ सामान्य खेतीपातीमा सिमित रहेको<br>▪ दैनिक ज्यालादारीमा मात्र सिमित रहेको ।<br>● **सामाजिक समस्या:**<br>▪ बाल विवाह र दाइजो प्रथा कायमै रहेको।<br>▪ शिक्षाको अभाव रहेको ।<br>▪ छोरीलाई पैत्रिक हक अधिकार इस्लामिक कानूनले नदिएको। | ● **आर्थिक समस्याको समाधान:**<br>▪ नेपालका मुस्लिमहरुलाई नेपाल सरकारद्धारा रोजगारीको ग्यारेन्टी दिनु पर्ने ।<br>▪ भुमिहिन मुस्लिमहरुलाई नेपाल सरकारद्धारा घर जमिनको व्यवस्था मिलाउनु पर्ने।<br>▪ मुस्लिम ज्यालादारीहरुका लागि नेपाल सरकारले सीपमूलक कार्यक्रमहरु संचालन गर्नु पर्ने।<br>● **सामाजिक समस्याको समाधान:**<br>▪ मुस्लिमहरुलाई नेपाल सरकारले शिक्षामा पहुँच बढाउने कार्यक्रम | ● |

| | | | | |
|---|---|---|---|---|
| | | | ल्याउनु पर्ने।<br>▪ मद्रसा शिक्षालाई सरकारी मान्यता दिइनु पर्ने। | |
| ३. | मद्रसा शिक्षाको गुणस्तरियता तथा शैक्षिक मान्यता | • मद्रसा अध्ययनरत विद्यार्थिहरुको प्रमाणपत्रको नेपाल सरकारमा मान्यता नदिएको।<br>• मद्रसाको आफ्नै छुट्टै सरकारबाट मान्यता प्राप्त पाठयक्रम नभएको।<br>• विश्वविद्यालय सित मद्रसाको एफिलिएसन नभएको।<br>• मद्रसाहरुमा आफ्नो छुट्टै भौतिक संरचनाहरु नभएको। | • मद्रसामा अध्ययनरत विद्यार्थीहरुको प्रमाणपत्र नेपाल सरकारबाट मान्यता प्राप्त हुन पर्ने।<br>• नेपाल सरकारले सार्वजनिक स्कूलहरुलाई उपलब्ध गराएको वजेट मद्रसाहरुको लागि पनि विनियोजन गर्नु पर्ने।<br>• मद्रसाको व्यवस्थापन गर्दा मुस्लिमहरुको धार्मिक सास्कृतिक पहिचान माथि असर नपर्ने गरी व्यवस्थापन गरिनु पर्ने।<br>• मद्रसाको पाठयक्रम बनाउदा मुस्लिम धार्मिक गुरुहरु तथा विद्वानहरुको सहभागि अनिवार्य गरिनु पर्ने।<br>• मद्रसाको शिक्षालाई विश्वविद्यालयसँग आवद्धता गरिनु पर्ने<br>• प्रादेशिक विश्वविद्यालय अन्तरगत मुस्लिम इस्लामिक शाखाको व्यवस्था हुनुपर्ने।<br>• आगामी २०७६/०७७ को वजेट | • अन्य समुदाय सरह मुस्लिमहरुलाई शिक्षामा आरक्षणको व्यवस्था हुनुपर्ने।<br>• मुस्लिम समुदायका धार्मिक विज्ञहरुको अध्यक्षतामा राष्ट्रिय मद्रसा विकास बोर्ड गठन गर्ने र सो वोर्डमा अधिकार सम्पन्न र योग्य सदस्य हुनुपर्ने।<br>• मद्रसाको भौतिक पुर्वाधारहरु सहितको कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने।<br>• आवश्यकता भएको स्थानमा कब्रिस्थानको व्यवस्था सरकारले गरिदिनु पर्ने र संरक्षण पनि गरिनु पर्ने।<br>• मस्जिदको जग्गा खरिद विक्रि गर्दा मालपोत कार्यालयमा रजिष्ट्रेशन गर्दा स्थानीय तहको सिफारिसमा सरल र सहज |

| | | | | |
|---|---|---|---|---|
| | | | तर्जुमा गर्दा प्रदेश सरकारलाई मुस्लिम आयोगले योजना सहितको प्रस्ताव पेश गर्ने । | तरिका बाट हुनुपर्ने ।<br>• ईदगाहा मुस्लिम धार्मिक स्थलको संरक्षण तथा संवर्द्धनमा राज्यले पूर्ण रुपमा जिम्मेवारी लिनु पर्ने<br>• मुस्लिमहरुको संस्था नविकरण गर्दा सरल सहज तरिकाले गर्न सकिने व्यवस्था राज्यले गरिदिनु पर्ने । |
